नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ५५ ● २०८० साल पुष २७ गते शुक्रबार ● Friday 12, January 2024 ● सूर्योदयः बिहान ६:५६ बजे ● सूर्यास्तः साँझ ५:३१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## माघ १३ गते वीरगंजमा पूर्वराजालाई अभिनन्दन गरिने

- सर्लाही, रौतहट र बारामा पूर्वराजा जाने
- पुस २८ गतेः सर्लाही, बरहथवास्थित मुक्तेश्वर महादेव मन्दिरमा पूजा अर्चना
- माघ २ गतेः रौतहट, शिवनगरस्थित शिव मन्दिरमा पूजा अर्चना,
- माघ ४ गतेः बारा, गढीमाई मन्दिरमा पूजा अर्चना

*नागरिक अभिनन्दन समारोह सफल बनाउन राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय नागरिक संघर्ष समिति, राष्ट्रिय सरोकार मञ्च, राष्ट्रिय शक्ति नेपाल, नेपाल राष्ट्रवाद संघ, नेपाल विद्वत परिषद, शिव सेना नेपाल, वीर गोर्खाली अभियान, राष्ट्रवादी शान्ति समूह, मुस्कान सेना नेपाल, राजभक्त राष्ट्रवादी समूह, विश्वहिन्दू महासंघ, राष्ट्रवादी नागरिक समाज, राजसंस्था पुनःस्थापना संघर्ष समिति, विश्व हिन्दू परिषद्, राप्रपा नेपाल, नेपाल जनता पार्टी, वजरंग दल तथा २०४७ को संविधान हाम्रो अभियानसहितका राजनीतिक दल तथा संघसस्थाका प्रतिनिधि समितिका संयोजक तथा सदस्य रहेको समितिले कार्य गरिरहेको छ ।*






**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा पूर्वराजा ज्ञानेन्द्र शाहको नागरिक अभिनन्दन गरिने भएको छ । माघ १३ गते लाल बंगलास्थित मैदानमा बारा, पर्सा, रौतहटलगायतका सर्वसाधारणका तर्फबाट पूर्वराजा शाहलाई नागरिक अभिनन्दन गरिन लागिएको हो ।

पूर्वराजा शाहको स्वागत तथा नागरिक अभिनन्दन मूल समारोह समितिद्वारा नेपाल पत्रकार महासंघ पर्साको सभाहलमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा यस्तो जानकारी दिइएको हो ।

पत्रकार सम्मेलनमा स्वागत समितिका महासचिव हीराबहादुर चन्दले पूर्वराजा ज्ञानेन्द्र शाहको कार्यक्रमबारे जानकारी दिए । उनले पूर्वराजाको दैनिकीबारे पनि बताए ।

चन्दले माघ १३ गते वीरगंजस्थित लाल बंगला परिसरमा नागरिक अभिनन्दन गरिने कार्यक्रम रहेको जानकारी दिए । पत्रकार सम्मेलनमा समितिका अध्यक्ष, नेपाली कांग्रेसका वरिष्ठ नेता एवम् वरिष्ठ अधिवक्ता देवेन्द्रलाल नेपालीले २०७२ को संविधान अवैध रहेकाले विस्थापन गरी राजा र राजनीतिक दलले निर्माण गरेको संविधान २०४७ पुनःस्थापित गर्न अहिंसक आन्दोलनको विकल्प नरहेको बताए ।

नागरिक अभिनन्दन समारोह सफल बनाउन राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय नागरिक संघर्ष समिति, राष्ट्रिय सरोकार मञ्च, राष्ट्रिय शक्ति नेपाल, नेपाल राष्ट्रवाद संघ, नेपाल विद्वत परिषद, शिव सेना नेपाल, वीर गोर्खाली अभियान, राष्ट्रवादी शान्ति समूह, मुस्कान सेना नेपाल, राजभक्त राष्ट्रवादी समूह, विश्वहिन्दू महासंघ, राष्ट्रवादी नागरिक समाज, राजसंस्था पुनःस्थापना संघर्ष समिति, विश्व हिन्दू परिषद्, राप्रपा नेपाल, नेपाल जनता पार्टी, वजरंग दल तथा २०४७ को संविधान हाम्रो अभियानसहितका राजनीतिक दल तथा संघसस्थाका प्रतिनिधि समितिका संयोजक तथा सदस्य रहेको पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो ।

**पूर्वराजा सिमरामा**

पूर्व राजा ज्ञानेन्द्र शाह पुस २३ गते बारा आइपुगेका हुन् । विमानमार्फत आउने चाहना भए पनि मौसमले साथ नदिएपछि भैरहवाबाट स्थल मार्ग हुँदै शाह सोमबार अरान्ह सिमरा आइपुगेका थिए । उनलाई नागरिक अभिनन्दन मूल समिति वीरगंजले स्वागत गरेको थियो ।

वीरगंजमा हुने नागरिक अभिनन्दनका साथै सर्लाही, बारा, रौतहटमा धार्मिक भ्रमणका आएका शाह सिमरास्थित प्रभुबासमा बसेका थिए ।

## भेटियो कोरोनाको नयाँ भेरियन्ट



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतमा कोरोना संक्रमित बढ्न थालेसँगै भारतबाट नेपाल प्रवेश गर्ने प्रमुख नाका वीरगंज नाकामा सञ्चालित हेल्थ डेस्कमा पछिल्लो दुई दिनमा दुई संक्रमित भेटिएका छन् ।

दुवैमा कोरोनाको नयाँ भेरिएन्ट जेएन वानको संक्रमण भेटिएको हेल्थ डेस्क प्रमुख तथा वीरगंज महानगरपालिकाका जनस्वास्थ्य निरीक्षक सुमनचन्द्र ठाकुरले जानकारी दिए ।

संक्रमण पुष्टि हुनेमा एक नेपाली र एक भारतीय नागरिक छन् ।

नेपाल–भारत सीमास्थित नाकाको हेल्थ डेस्कमा बिहीबारसम्ममा ६४ जनाको एन्टिजेन जाँच गर्दा धादिङ घर भएका ५९ वर्षीय पुरुषमा कोरोनाको नयाँ भेरिएन्ट जे एन वानको संक्रमण पुष्टि भएको ठाकुरले बताए । उनी भारतको कोलकत्ताबाट रेलमा यात्रा गरेर नेपाल फर्केका हुन् । यसअघि बुधबार पनि हेल्थ डेस्कमा ५५ जनाको एन्टिजेन जाँच गर्दा एक भारतीय नागरिकमा पनि कोरोनाको नयाँ भेरिएन्ट जे एन वानको संक्रमण भेटिएको थियो ।

कोलकत्ताबाटै रेलमा यात्रा गरेर रक्सौल हुँदै काठमाडौँ घुम्न आएको भारतीय पर्यटकको समूहमा रहेकाको एन्टिजेन जाँच गर्दा कोलकत्ता निवासी २५ वर्षीय युवकमा कोरोनाको नयाँ भेरिएन्ट जेएन वानको संक्रमण पुष्टि भएको ठाकुरले बताए ।

बिहीबार कोरोना संक्रमण पुष्टि भएका धादिङका पुरुषलाई वीरगंजकै नारायणी अस्पतालको आइसोलेसन वार्डमा राखिएको छ ।

बुधबार संक्रमण पुष्टि भएका भारतीय युवकलाई भने बुधबार नै भारतीय प्रहरीको जिम्मा लगाएर नाकाबाट भारत फर्काइएको छ । छिमेकी मुलुक भारतका विभिन्न प्रान्तमा कोरोनाको नयाँ भेरियन्ट जेएन वानको संक्रमण फैलिँदै गएपछि नेपाल प्रवेश गर्ने मुख्य नाकास्थल वीरगंजमा निगरानी बढाइएको छ । कोरोना संक्रमणको पहिलो लहरदेखि नै वीरगंज नाकामा सञ्चालित हेल्थ डेस्कमा पुष महिना सुरु भएदेखि भारतबाट आउनेको स्वास्थ्य जाँच गर्न थालिएको हो ।

भारतबाट रेल, बस र निजी सवारीमा लामो यात्रा गरेर आउनेलाई वीरगंज नाकामा हेल्थ डेस्कका स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गरेपछि मात्रै भित्रन दिने गरेका छन् । हेल्थ डेस्कमा भारतबाट लामो यात्रा गरेर आउनेलाई नाकामा रोकेर सुरुमा स्क्रिनिङ गरिन्छ ।

त्यसक्रममा ज्वरो वा खोकीको लक्षण देखिएकाको एन्टिजेन जाँच गरिने ठाकुरले बताए ।

विगत तीन चारदिन यता भने हेल्थ डेस्कमा दैनिक दुई सयदेखि २ सय ५० जनाको स्क्रिनिङ र ५० देखि ६० जनाको एन्टिजन जाँच गरिँदै आएको छ ।

## माघ ३ गते मधेश स्वाभिमान दिवस मनाइने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले मधेश प्रदेश घोषणा भएको दिन माघ ३ गतेलाई 'मधेश स्वाभिमान दिवस'का रुपमा मनाउने भएको छ ।

मधेश प्रदेश सरकारको बिहीबार सम्पन्न मन्त्रिपरिषद् बैठकले माघ ३ गते मधेश प्रदेशको नामाकरण भई संसदबाट बहुमतले पास भएको दिनलाई मधेश स्वाभिमान दिवसका रुपमा मनाउने निर्णय गरेको हो ।

माघ ३ गते मधेश प्रदेशका ८ वटै जिल्लामा दिवस भव्यरुपमा मनाउने निर्णय गरिएको प्रदेश सभा सदस्य प्रमोद जयसवालले जानकारी दिए । उनले भने, 'माघ ३ गते मधेश स्वाभिमान दिवसका रुपमा मनाउन लामो समयदेखि पहल गर्दै आएका थियौँ, हाम्रो एजेण्डाले साकार रुप लिएको छ ।'

उनले माघ ३ गते सार्वजनिक बिदा नदिई मधेशका सबै जिल्लामा दीपावलीका साथ विविध कार्यक्रम गरी मधेश स्वाभिमान दिवस मनाइने तयारी प्रदेश सरकारले गरेको बताए । मधेश स्वाभिमान दिवस सरकारले जनकपुरमा मनाउने र सबै जिल्लामा साँझ दीपावली हुने बताइएको छ । यस्तै, माघ ५ गते भने मधेश प्रदेशमा बलिदानी दिवस मनाइने भएको छ ।

यसपटक प्रदेश सरकारले मधेश बलिदानी दिवस भने वीरगंजमा मनाउने तयारी गरेको छ ।

वीरगंजमा बलिदानी दिवसमा मधेश प्रदेशका सहिद परिवारका सदस्य र अपांग तथा घाइते परिवारलाई सम्मान गरेर मनाइने मुख्यमन्त्री सरोजकुमार यादवले बताए । उनले भने, 'मन्त्रिपरिषद् बैठकले स्वाभिमान दिवस जनकपुरमा

बाँकी पृष्ठ २ मा

## जोडिएन विद्युत् लाइन

**मधेशदृष्टि**
**वीरगंज ।**
डेडिकेटेड र ट्रंकलाइनको बक्यौता नतिर्ने व्यवसायीको लाइन काटेको नेपाल विद्युत् प्राधिकरणले अझै लाइन जोडेको छैन । मन्त्रिपरिषद्ले लाइन जोड्ने निर्णय गरे पनि प्राधिकरले लाइन नजोडेको हो ।

मंगलबार मन्त्रिपरिषद्ले निर्देशनसहित निर्णय गरे पनि काटिएका २३ वटा उद्योगमा बिजुली जोडिएको छैन ।

मंगलबार डेडिकेटेड र ट्रंकलाइन समस्याको छानबिन गर्न पूर्वन्यायाधीश गिरीशचन्द्र लालको संयोजकत्वमा समिति गठन गरी उद्योगमा विद्युत् जडान गर्न मन्त्रिपरिषद्ले नै निर्णय गरेको हो । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले छानबिनका लागि आयोग गठन गर्ने र बिजुली काटिएको उद्योगमा लाइन जोड्न निर्देशन दिने निर्णय गरेको थियो । तर प्रधानमन्त्री तथा मन्त्रिपरिषद्बाट लिखित निर्देशन नआएको भन्दै अहिलेसम्म नेपाल विद्युत् प्राधिकरणले बिजुली जोडेको छैन । लिखित पत्र नआएकाले बिजुली नजोडिएको प्राधिकरणका वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताए । डेडिकेटेड र ट्रंकलाइनको बक्यौताको सन्दर्भमा सरकारले नै रोक्ने र खोल्ने गरेको छ । २०७६ मा डेडिकेटेड र ट्रंकलाइनको बक्यौता उठाउन प्राधिकरणले लाइन काटेको थियो । २०७६ सालमा लाइन काट्दा अर्थमन्त्री, उद्योगमन्त्री, ऊर्जा मन्त्रालयका मन्त्री तथा सचिवसहितको समूहले माइन्युट गरेर लाइन जोड्न लगाइएको थियो । यसपटक पनि सरकारले काट्न निर्देशन दिने, रोक्ने काम निरन्तर गरिरहेको छ ।

हालसम्म २४ वटा उद्योगको लाइन काटिएकामा हिमाल आइरन एन्ड स्टिलले बक्यौताबापत पहिलो किस्ता तिरेर लाइन जोडेको थियो । टिओडी मिटरका आधारमा तिर्नुपर्ने रकम तिर्न तयार रहेको उद्योगीले बताउँदै आएका छन् ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

जनकपुरधाम उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जनकपुरधाम, धनुषा, मधेश प्रदेश

# घर फर्कन लागेका कवाडी बेपत्ता



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
रोजगारीका लागि भारत, नयाँ दिल्ली पुगेका धनुषा, कमला नगरपालिका–४ सघाराका ४४ वर्षीय रलियास कबाडी बेपत्ता भएका छन् । उनी ११ दिनदेखि सम्पर्कविहीन भएका हुन् ।
परिवारजनका अनुसार सम्पर्कविहीन भएका कबाडी नयाँ दिल्लीबाट घर फर्किने क्रममा थिए ।
कबाडी जनवरी १देखि परिवारको सम्पर्कमा आएका छैनन् । उनको खोजतलास गरिदिन परिवारजनले अनुरोध गरेको छ ।

# जसपा महाधिवेशन जनकपुरमा हुने




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालको राष्ट्रिय महाधिवेशन २०८१ जेठ २८, २९ र ३० गते जनकपुरमा हुने भएको छ ।
बुधबारदेखि जारी जसपाको केन्द्रीय राजनीतिक समितिको बैठकले यस्तो निर्णय गरेको हो ।
पार्टी बैठकले मधेश प्रदेशको धनुषामा पार्टीको राष्ट्रिय महाधिवेशन गर्ने निर्णय गरेको हो । बैठकले पार्टीको राजनीतिक र सांगठनिक प्रतिवेदन पनि छलफलसहित पारित गरेको छ ।

# रुसी सेनामा भर्ती भएका प्युठानका युवकको मृत्यु



**रासस**
**प्युठान ।**
रुसी सेनामा भर्ती भएका प्युठानका एक युवकको मृत्यु भएको छ । प्युठान नगरपालिका–४ काठेवर निवासी सोनु सुनारको मृत्यु भएको रुसबाट उनका साथीले जानकारी दिएका हुन् । मृतक सुनारका छिमेकी खगेश्वर थापाले दिएको जानकारी अनुसार उनीसँगै रहेका उनका साथी पनि घाइते छन् । निजले नै उनको मृत्युको खबर दिएका हुन् ।
प्युठान नगरपालिकाका प्रमुख विष्णु योगीले सुनारको मृत्युको खबरले प्युठानवासी मर्माहत भएका बताए । नगरप्रमुख योगी नेतृत्वको टोलीले शुक्रबार सुनारका अभिभावकलाई भेटेर रुसबाट प्राप्त दुःखद खबरबारे थप जानकारी दिइने थापाले बताए । छिमेकी थापाले यस घटनाबारे परराष्ट्र मन्त्रालयमा जानकारी गराइएको बताए ।
उनकाअनुसार दुई वर्षदेखि कतारमा कार्यरत सोनु केही महिनाअघि त्यहीँबाट रुसी सेनामा भर्ती भएका थिए ।

# मर्मत सम्भारको अभावमा जीर्ण बन्यो खेल मैदान

**मधेशदृष्टि**
**बारा ।**
बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको वडा नम्बर ७ स्थित शान्तिटोलमा रहेको खेल मैदान वर्षौंदेखि मर्मत सम्भारको अभावमा जिर्ण बनेको छ ।
वीरगंज–पथलैया मुख्य सडकसँगै जोडिएको र आर्थिक नगरीको रुपमा परिचित जीतपुर बजार नजिकै रहेको खेल मैदान सबैको आकर्षणको केन्द्र भएपनि उचित मर्मत सम्भारको अभावमा जीर्ण बनेको छ ।
खेलमैदानमा जथाभावी फोहोर तथा खाल्डाखुल्डी परेको छ ।
बाराका दर्जनौ खेलाडीहरुको भविष्यसँग पनि जोडिएको खेल मैदानको उचित मर्मत सम्भार गर्न सकेको खण्डमा विभिन्न खेलसँग सम्बन्धित राष्ट्रिय खेलाडीहरु उत्पादनमा समेत टेवा पुग्ने खेलप्रेमीहरुको भनाइ छ ।
बाराका पुरानो फुटबल खेलाडी समर खडकाले खेलमैदानको मर्मत गरिदिए मात्रै पनि स्थानीय खेलाडीहरुले खेल्न पाउने र युवाशक्तिलाई कुलतमा लाग्नुको साटो खेलकूदतर्फ आकर्षित गर्न सकिने विश्वास व्यक्त गरे ।
खेल मैदानको मर्मत सम्भारका लागि स्थानीय तह तथा सरोकारवाल निकायले ध्यानदिनुपर्ने खेलप्रेमीहरुको भनाइ छ ।

# तलब नपाएको सफाइ कर्मचारीको गुनासो

**मधेशदृष्टि**
**बारा ।**
जीतपुरसिमरा उपमहानगरपालिका वडा नम्बर ७ जीतपुरमा बजार क्षेत्रको सरसफाइ गर्ने मजदुरहरुले तलब नपाएको गुनासो गरेका छन् । सफाई मजदुरहरुले करिब तीन महिनादेखिको तलब नपाउँदा गुजारा चलाउन समस्याको गुनासो गरेका छन् । जीतपुरसिमराको सरसफाइको जिम्मा पाएको ग्रिन सिटी प्रालि हेटौडाले तलब नदिएपछि दैनिक गुजारा समस्यामा परेको उनीहरुको भनाइ छ । ग्रिन सिटीले तलब र आवश्यक सुरक्षा सामग्रीसमेत उपलब्ध नगराउँदा आफूहरु खाली पेट र खाली हातमा काम गर्न बाध्य भएको गुनासो गरेका छन् । स्थानीय सफाइकर्मीमार्फत बजार क्षेत्रको सरसफाई गर्दै आएको ग्रिन सिटीले आवश्यक सुरक्षा सामग्रीको व्यवस्था नगरी र मासिक तलबसमेत उपलब्ध नगराएको सफाइकर्मीले बताएका छन् । पछिल्लो समय तराई मधेशमा बढिरहेको चिसो र शीतलहरमा समेत सुरक्षा सामग्रीविना बिहान सबेरैदेखि सरसफाईमा खटिनु पर्ने बाध्यता रहेको सरसफाइकर्मी गुल्टी मालीले बताइन् । आफूहरुको समस्याको बारेमा नगरपालिका र वडा कार्यालयका जनप्रतिनिधिलाई पटकपटक जानकारी गराउदासमेत कुनै सुनुवाई नभएको अर्का सरसफाइकर्मी रामायण मालीको भनाइ छ ।

# वर्तमान व्यवस्थालाई कसैले फेरबदल गर्न सक्दैनः नेपाल

**रासस**
**कैलाली ।**
नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले देशको पहिचानलाई जोगाउन समाजका सबै वर्ग लाग्नुपर्ने बताएका छन् ।
कैलालीको टीकापुरमा बिहीबारबाट शुरु भएको नागरिक उन्मुक्ति पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनमा उनले देशको पहिचान जोगाउन सबैले लाग्नुपर्ने बताउका हुन् । 'आज यो वा त्यो भनेर पहिचानका 'एजेण्डा' बाहिर आउन थालेका छन् । त्यसले सिङ्गो देशको पहिचानलाई सङ्कटमा पुर्याउन सक्छ', पूर्वप्रधानमन्त्री नेपालले भने, 'हामीले जात, धर्मको नाममा पहिचान खोज्नुभन्दा सिङ्गो देशको पहिचानलाई समेट्दै देशको समृद्धिका निम्ति लाग्नु अहिलेको आवश्यकता हो ।'
अध्यक्ष नेपालले गणतन्त्रका विरुद्धमा केही संयन्त्र लागेका बताउँदै देशको वर्तमान व्यवस्थालाई कसैले फेरबदल गर्न नसक्ने दाबी गरे । 'दलीय व्यवस्थाभन्दा निरङ्कुश एकदलीय व्यवस्था कदापि राम्रो हुन सक्दैन । विगतमा



त्यहीँ व्यवस्था ढाल्नका लागि त्यत्रो आन्दोलन गर्नुपर्यो, बरु कुनै पार्टी ठीक नहोलान्, कुनै नेता ठीक नहोलान्, तर तिनको विकल्प अर्को पार्टी र अर्को नेता हुनसक्छ निरंकुश एकदलीय व्यवस्था हुन सक्दैन', उनले भने ।
विगतमा अधिकारका लागि भएका अप्रिय घटनाले ठूलो क्षति पुर्याएको बताउँदै अध्यक्ष नेपालले आगामी दिनमा त्यस्ता घटना हुन नदिनेतर्फ सधैँ सचते हुनुपर्नेमा जोड दिए ।

# सीमा सुरक्षा बैठकः आपराधिक गतिविधि नियन्त्रणमा सहकार्यको प्रतिबद्धता

**रासस**
**लुम्बिनी ।**
नेपाल–भारतका सुरक्षा अधिकारीको संयुक्त बैठकले सीमावर्ती क्षेत्रमा दुवै पक्षबाट कानुनको परिपालना गराउने र सबै प्रकारका गैरकानुनी कार्य नियन्त्रणका लागि तत्काल सूचना आदानप्रदान गर्ने निर्णय गरेको छ । नेपाल–भारत सीमा क्षेत्रका जिल्ला रुपन्देही, कपिलवस्तु र नवलपरासी बर्दघाट सुस्ता पश्चिमका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुख तथा भारतीय सीमा क्षेत्रका जिल्ला महाराजगञ्ज र सिद्धार्थनगरका जिल्ला अधिकारीसहित सुरक्षा निकायका प्रमुखको बिहीबार रुपन्देहीमा बसेको संयुक्त बैठकले सीमा क्षेत्रमा हुने हतियार तस्करी, लागुऔषध ओसारपसार, मानवबेचबिखन जस्ता आपराधिक गतिविधि नियन्त्रण गर्न सबै प्रकारका कानुन परिपालन गराउने र सूचना आदानप्रदान गर्ने निर्णय भएको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए ।
नेपाल–भारत संयुक्त सीमा समन्वय समितिको बैठकमा लागुऔषध, हतियार, सीमा सडक, मानव तस्करी, सीमावर्ती दशगजा क्षेत्रमा सञ्चालित साप्ताहिक हाटबजारका कारण नेपालको राजस्व तथा व्यापारमा परेको नकारात्मक प्रभाव र हाटबजारमा भीडभाड भएको मौका छोपेर गलत क्रियाकलाप हुने सम्भावना आपाराधिक गतिविधिलाई बढावा पुग्ने सम्भावना देखिएकाले त्यसलाई हटाइदिन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी अर्यालले जानकारी दिए । सीमा क्षेत्रमा आपाराधिक गतिविधि नियन्त्रण गर्न कानुन कार्यान्वयन गर्ने विषय, भारतीय भूमिमा रहेका औषधि पसलबाट नेपालतर्फ निर्वाधरुपले भित्रिने लागुऔषधको रुपमा प्रयोग हुने औषधि बिक्री हुने कार्यलाई नियन्त्रण गर्न नेपाल पक्षबाट आग्रह गरिएको उनले जानकारी दिए । उनले भारतको अयोध्यामा आयोजना हुने प्राणप्रतिष्ठाका समयमा नेपालका तर्फबाट शान्ति सुरक्षाको व्यवस्थापन, भारतमा यसवर्ष हुने आम निर्वाचनका समयमा सीमा क्षेत्र बन्द लगायतका विषयमा अनुरोध गरिएको र नेपाल पक्षबाट कानुनसम्मत ढङ्गले सहयोग हुने विश्वास दिलाएको बताए । प्रजिअ अर्यालले पछिल्लो समय भारतबाट आउने व्यक्तिमा कोरोनाको नयाँ भेरियन्ट देखापरेको विषयमा सीमा क्षेत्रमा सतर्कतासँगै सावधानी अपनाउने र सीमामा जाँचमा कडाइ गरिएको बताए ।
बैठक पश्चात भारतीय प्रतिनिधिमण्डलको नेतृत्व गरेर आएका भारत महाराजगञ्ज जिल्लाका प्रमुख जिल्ला अधिकारी अनुनय झाले सीमा क्षेत्रबाट हुने अवैध व्यापार, मानव बेचविखन ओसारपसार, दशगजा क्षेत्रमा भएका अतिक्रमण कसरी हटाउने भन्ने विषयमा छलफल भएको जानकारी दिए । उनले भारतीय प्रतिनिधिमण्डलका तर्फबाट यसवर्ष भारतमा हुने निर्वाचन र अयोध्यामा श्रीराम मन्दिरमा जनवरी २२ मा आयोजना हुने प्राण प्रतिष्ठानको समयमा कानुनअनुसार कडाइ गर्ने मुख्य दुई विषय उठान गरिएको बताए । उनले बैठकमा दुवै पक्षबाट बैठकमा उठेका विषयमा समान धारणा बनेकाले बैठक सफल भएको बताए । उनले सीमा क्षेत्रबाट हुने लागुऔषध ओसारपसारको समस्यालाई समाधान गर्न दुवै देशका सीमामा रहेका संयुक्त सुरक्षा फौज, दुवै देशका सीमा क्षेत्रका जिल्ला प्रशासन कार्यालयलगायत सरकारी निकायबीच समयमा सूचना आदानप्रदान गर्ने र कानुन कार्यान्वयन गर्ने विषयमा छलफल भएको बताए ।
बैठकमा रुपन्देहीका प्रमुख जिल्ला अधिकारी अर्याल, कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश शर्मा, नवलपरासी पश्चिमका सहायक प्रमुख जिल्ला अधिकारी प्रकाश देवकोटा, रुपन्देहीका प्रहरी उपरीक्षक भरतबहादुर विक, कपिलवस्तुका प्रहरी उपरीक्षक नवरत्न पौडेल, सशस्त्र प्रहरी रुपन्देहीका वरिष्ठ प्रहरी उपरीक्षक दीपककुमार थापा, कपिलबस्तुका सशस्त्र वरिष्ठ प्रहरी उपरीक्षक जीवन केसी, नवलपरासीका धीरेन्द्रराज न्यौपाने लगायतका सुरक्षा अधिकारीको सहभागिता रहेको थियो । यसैगरी भारतीय पक्षबाट महाराजगञ्ज जिल्लाका प्रमुख जिल्ला अधिकारी (डिएम) झाको नेतृत्वमा सिद्धार्थनगर जिल्लाका डिएम पवन अग्रवाल, महाराजगञ्जका प्रहरी प्रमुख सोमेन्द्रा मिरन, सिद्धार्थनगरका प्रहरी प्रमुख प्राची सिंहलगायतको सहभागिता थियो ।

# अनलाइन क्यासिनो गेम खेलाउने तीन जना पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
क्यास एप, मिल्कि वे जस्ता एप्लिकेसन मार्फत् हारजीत हुनेगरी 'अनलाइन क्यासिनो गेम' खेलाएको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । विभिन्न खेलमा अनलाइनमार्फत बाजी राख्दा जितिन्छ भन्ने विश्वास दिलाई हारजीत हुने र आफूले लाभ लिने उद्देश्य राखी रकमको बाजी राख्न लगाई सट्टावाजी गराई खेल खेलाउने गरेको भन्ने सूचनाका आधारमा काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरुलाई पक्राउ गरेको हो ।
पक्राउ पर्नेमा ताप्लेजुङ मिक्काखोला गाउँपालिका–१ घर भई काठमाडौँ कोटेश्वर बस्ने २५ वर्षीय पुजन साँवा, भक्तपुर सूर्यविनायक नगरपालिका–४ अनामनगर बस्ने सर्लाही बागमती नगरपालिका–७ घर भएका २१ वर्षीय निशानराज कार्की र भक्तपुर सूर्यविनायक नगरपालिका–४ अनामनगर बस्ने सर्लाही बरथहवा नगरपालिका–११ हिरापुर घर भएका २५ वर्षीय निशान गौतम रहेका छन् । प्रहरीले उनीहरूलाई अनलाइन क्यासिनो खेलाउन प्रयोग भएका ल्यापटप तथा मोबाइलसहित उपत्यकाको विभिन्न स्थानबाट पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । प्रहरीका अनुसार उनीहरूलाई थप अनुसन्धान गरी आवश्यक कारवाहीको लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको छ ।

# कैदीबन्दीलाई न्यानो कपडाका लागि रकम वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कारागारमा रहेका कैदीबन्दीहरुलाई न्यानो कपडा खरिदका लागि रकम वितरण गरिएको छ । वीरगंज कारागारमा बिहीबार एक कार्यक्रमकाबीच ६ सय ५१ जना कैदीबन्दीलाई न्यानो सिरक, डस्ना, तन्ना खरिदका लागि जनही तीन हजारको दरले १९ लाख ५३ हजार रुपैयाँ वितरण गरिएको हो ।
गृहमन्त्रालय कारागार व्यवस्थापन विभागले दुई वर्षमा एक पटक जाडो याममा सिरक डस्ना खरिदका लागि प्रत्येक कैदीलाई जनही तीन हजार रुपैयाँको दरले नगद रकम वितरणन गर्दै आएको छ । यसपटक ६ सय ५१ जना कैदीबन्दीलाई रकम वितरण गरिएको वीरगंज कारागारका निमित्त कारागार प्रमुख कमलेश कुमार सहनीले जानकारी दिए । वीरगंज कारागारमा हाल एक हजार चार सय ५७ जना कैदीबन्दी रहेका छन् ।

# माघ ३ गते मधेश स्वाभिमान...

र बलिदानी दिवस वीरगंजमा केन्द्रित गरेर मनाउने निर्णय भएको हो ।'
यस्तै, मधेश प्रदेश सरकारले मधेश स्वाभिमान दिवसका दिन पत्रकार सम्मेलन गरेर मधेश सरकारको एक वर्षको प्रगति सार्वजनिक गर्ने भएको छ ।
बिहीबार नै भएको मन्त्रिपरिषद् बैठकले मधेशको शिक्षामा साक्षरता बढाउने अभियानलाई केन्द्रित गरेर विशेष अनुदान दिने निर्णय गरेको छ ।
यस्तैगरी, मधेश प्रदेशमा थपिएका नयाँ अस्पताललाई स्वास्थ्य सामग्री व्यवस्थापनमा सहयोग गर्ने निर्णय भएको छ । सार्वजनिक जग्गा, गुठीको कर बाँडफाँडमा प्रदेश सरकारलाई पनि राजस्व आम्दानी हुने र यस्ता सार्वजनिक महत्वका करका ५० प्रतिशत कर छुट गर्ने निर्णय पनि भएको छ ।

# सरकारसँग १ खर्ब ८७ अर्ब...

खुद प्रत्यक्ष वैदेशिक लगानी ६० करोड ४९ लाख रुपैयाँ धनात्मक थियो ।
वैदेशिक व्यापारतर्फ यो पाँच महिनामा कुल वस्तु निर्यात छ दशमलव एक प्रतिशतले कमी आइ ६३ अर्ब २१ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो वर्ष निर्यातमा ३४ दशमलव छ प्रतिशतले कमी आएको थियो ।
गन्तव्यका आधारमा भारततर्फ भएको निर्यात ११ दशमलव तीन प्रतिशतले कमी आएको छ भने चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः तीन सय २२ दशमलव तीन प्रतिशत र दुई दशमलव तीन प्रतिशत वृद्धि भएको छ ।
चालु पाँच महिनामा कूल वस्तु आयात तीन दशमलव चार प्रतिशत कमी आई छ खर्ब ४२ अर्ब २१ करोड रुपैयाँ कायम भएको छ । अघिल्लो वर्ष यही अवधिमा यस्तो आयात २० दशमलव सात प्रतिशत कमी थियो । चीनबाट भएको आयात ३२ दशमलव आठ प्रतिशतले बढेको छ । निर्याततर्पm भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कृष्णनगर, मेची, रसुवा, तातोपानी तथा त्रिभुवन विमानस्थल भन्सार कार्यालय बाहेकका प्रमुख नाकाबाट गरिएको निर्यात घटेको छ ।
आयाततर्पm भैरहवा, सुक्खा बन्दरगाह, जलेश्वर, कञ्चनपुर, कृष्णनगर, नेपालगञ्ज, रसुवा तथा तातोपानी भन्सार कार्यालय बाहेकका सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा कमी आएको छ । पाँच महिनामा कूल वस्तु व्यापार घाटा तीन दशमलव एक प्रतिशतले कमी आई पाँच खर्ब ७९ अर्ब रुपैयाँ छ । अघिल्लो वर्ष यही अवधिमा यस्तो घाटा १८ दशमलव आठ प्रतिशतले घटेको थियो ।

# 'बदनाम' बम्जन पुर्पक्षका लागि थुनामा



## को हुन् बम्जनकी श्रीमती दिपशिखा ?

बम्जनकी श्रीमती दिपशिखाको भूमिका विवादास्पद र द्वैध चरित्रको छ । उनी दार्जिलिङकी हुन् । उनकी फुपू धेरैअघि बम्जनको दर्शन गर्न बाराको हलखोरिया आएकी थिइन् । धेरैपटक आउने जाने गर्दा उनी बम्जनसँग नजिक भइन् र आश्रममा बस्न थालिन् । उनैले दिपशिखालाई दार्जिलिङबाट ल्याएर बम्जनको सहयोगीका रूपमा स्थापित गरेकी हुन् । त्यो बेला बम्जनको सम्बन्ध सर्लाहीको बागमती नगरपालिका १२ की एक महिलासँग थियो । बम्जम आश्रममा ती महिलासँगै बस्न थालेका थिए । केही समयमै ती महिला रहस्यमय ढंगले बेपत्ता भइन् । त्यसपछि दिपशिखा बम्जनकी आधिकारिक श्रीमती बनिन् । अहिले उनीहरूको एउटा छोरा छ । दिपशिखाले कयौं पटक आनीहरूलाई आफ्नो श्रीमानबाट बचाउन खोजेकी भएपनि कयौंपटक उनले आनीहरूलाई आफ्ना श्रीमानसँग सुतेको आरोप पनि लगाएकी छन् ।

आनीहरूमाथि शारीरिक हमला गरेकी छन् । उनीहरूको श्रम शोषण गरेकी छन् । आनीहरूलाई भात पकाउन, भाँडा माझ्न, लुगा धुन, शरीरमा तेल लगाउन र मालिस गर्नेदेखि आफू बिरामी परेका बेला हेरचाह गर्न समेत लगाएकी छन् । आनीहरूका अनुसार दिपशिखाको आफ्ना श्रीमान बम्जनसँग पनि राम्रो सम्बन्ध छैन् । 'दुवैबीच दिनदिनै झै झगडा हुन्छ ।' बम्जनको अपराधको फेहरिस्त सायद सबैभन्दा धेरै दिपशिखालाई नै थाहा छ । सायद कतिमा उनी आफैं अंशियार छिन् । युवा तपस्वीका रूपमा करिब १३ वर्षअघि बाराको निजगढ नगरपालिकाको रतनपुरी जंगलमा देखा परेका बम्जनको कथा आफैंमा कम तिलस्मी र कम विस्मयले भरिएको छैन ।

**एसपी गौरब**
**सर्लाही ।**
काठमाडौँको बुढानिलकण्ठको हात्तीगौँडाबाट मंगलबार पक्राउ परेका रामबहादुर बम्जनलाई अनुयायीलाई यौन हिंसा गरेको आरोपमा पुर्पक्षका लागि थुनामा पठाउने आदेश भएको छ । जिल्ला अदालत, सर्लाहीले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको अदालतका श्रेस्तेदार सदन अधिकारीले बताए । सर्लाही, रौतहट, मकवानपुर, बारा, सिन्धुली, सिन्धुपाल्चोक र नुवाकोट लगायतका विभिन्न ठाउँमा आश्रम खोल्दै बस्दै आएका बम्जनलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रहरी नायव उपरिक्षक धर्मराज भण्डारी नेतृत्वको प्रहरी टोलीले मंगलबार बुढानिलकण्ठको हात्तीगौँडा स्थित उनको आफ्नै घरबाट पक्राउ गरेको थियो । बम्जन बुढानिलकण्ठको हात्तीगौँडा स्थित आफ्नो घरमा आएको मौका छोपी पुगेको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का प्रहरी नायव उपरिक्षक भण्डारी नेतृत्वको प्रहरी टोलीलाई देखेपछि भाग्न खोजेका बम्जन पक्राउ परेको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गरेका थियो । प्रहरी आएको थाहा पाएर भाग्न खोजेका बम्जनमाथि यौन शोषण, बलात्कार र आनीहरूलाई बेपत्ता बनाएको आरोप लागेको छ । उनी विरुद्ध विभिन्न पाँच परिवारले उजुरी दिएका प्रहरीले जनाएको छ । प्रहरीका अनुसार आफ्नो आश्रममा बस्दै आएका तीन युवती र दुई युवालाई बेपत्ता पारेको बम्जन विरुद्ध परेको उजुरीमा उल्लेख छ । ती मध्ये एक जनालाई बम्जनले सिन्धुपाल्चोकस्थित आश्रममा हत्या गरी शवसमेत बेपत्ता पारेको आरोप छ । उनीविरूद्ध रौतहटकी १८ वर्षीया एक महिलाले बलात्कारको जाहेरी दिएकी थिइन् । सर्लाही जिल्ला अदालतमा त्यो मुद्दा विचाराधीन रहेको छ । बम्जनले आफ्ना विभिन्न ठाउँमा रहेका आश्रममा हत्या, हिंसाको दुष्चक्र चलाएको विवरणहरू विभिन्न सञ्चार माध्यामहरुले समाचार प्रकाशन गरेका थिए । त्यसपछि उनीमाथि आश्रममा बस्ने युवती र युवकहरू बेपत्ता पारेको भन्दै पीडित परिवारले धमाधम उजुरी दिन थालेका थिए । तामाङले भदौ ३० गते शनिबार ललितपुरमा गरेको पत्रकार सम्मेलनमा 'लिटिल बुद्ध' भनेर संसारभर चिनिएका बम्जनले आफूमाथि बलात्कार गरेको आरोप लगाएकी थिइन् । चार वर्ष बम्जनको आश्रममा बस्दा देखेका र भोगेका दुव्र्यवहारहरु उनले पत्रकार सम्मेलनमा बताएकी थिईन् । उनी बोलिरहँदा त्यहाँ उपस्थित बम्जन पक्षधरले उनको भनाइको प्रतिवाद समेत गरेका थिए । आफ्ना 'गुरु बम्जन'का बारेमा महिलाले झुटो बोलेको पूर्व स्वास्थ्य राज्यमन्त्री समेत रहेका बम्जन निकट रहेर काम गरिरहेका मणि लामाले बताए । त्यसपछि ती महिलाले काठमाडौंको टेकुस्थित महानगरीय अपराध महाशाखा उजुरी दिन जाँदा महाशाखा तत्कालीन प्रमुख धीरजप्रताप सिंहले महिलालाई बालबालिका संरक्षण गर्ने एउटा संस्थाको जिम्मा लगाइ दिएका थिए । त्यसपछि लगातार बम्जनमाथि लागेका आरोपको सत्यता, बम्जनको चरित्र र उनका आश्रममा हुने क्रियाकलापबारे अन्य सञ्चार माध्यामहरुले पनि खोजी गर्न थाले । सर्लाही, रौतहट, मकवानपुर, बारा, सिन्धुली, सिन्धुपाल्चोक र नुवाकोट पुगेर विभिन्न सञ्चार माध्यमहरुले बम्जनमाथि लागेका आरोपको सत्यता, बम्जनको चरित्र र उनका आश्रममा हुने क्रियाकलापबारे अनुसन्धान र खोजबिन गरेपछि बम्जनको आश्रमबाट भागेका तीन जना आनी र उनीहरूका परिवारका सदस्यसँग पनि बुझ्ने काम भयो । बम्जन आश्रममा लामो समय यौन शोषणमा परेर बाहिर निस्केकी एक आनीको मानसिक अवस्था धेरै खराब छ । बम्जनको दुव्र्यवहार र हिंसाका प्रत्यक्षदर्शी, कुनै समय उनकै चेला र अनुयायी भएर काम गरेका अरु चार जनासँग पनि बुझ्ने काम भयो । त्यस्तै, विभिन्न समय बम्जनको आश्रममा गएका र अहिले हराइरहेका तीन जना आनीका करिब एक दर्जन परिवारसँग भेट भयो । जसबाट बम्जनको आश्रममा हुने गरेको कहालीलाग्दो पीडा उदाङ्गो हुन थाल्यो ।

'उनी कुनै तपस्वी हैनन्, उनको आश्रममा ध्यान र तपस्या हुन्न, बाहिरबाट जाने मानिसलाई देखाउन मात्र उनी त्यसको नाटक गर्छन् । उनमा कुनै आध्यात्मिक ज्ञान वा चेत छैन । न त उनलाई त्यसमा कुनै चासो छ । उनी एक सामान्य युवा हुन् र, असामान्य यौन पिपाशु ।' भन्ने कुरा महिलाले दिएको उजुरीबाट पनि बुझन सकिन्छ । उनले आश्रममा रहेका कयौं आनीको यौन शोषण गरेका छन् । आफूविरुद्ध उठ्ने आवाज दबाउन उनले हिंसाको व्यापक प्रयोग गरेका समेत पीडित परिवारको भनाई छ । उनको आश्रममा बसेका कम्तिमा तीन जना आनी बेपत्ता छन् । परिवार र आनीहरूमाथि आश्रममा गरिएको दुव्र्यवहार देख्नेहरूको बयानका आधारमा उनीहरू रहस्यमयी बेपत्ता भएका हुन् । बम्जनको निर्देशनमा एक जना अनुयायीलाई आश्रमभित्रै कुटेर हत्या गरिएको र चार वर्षअघि बम्जनको आश्रममा गएका बुबाको अझै अत्तोपत्तो नभएको पीडित परिवारको भनाई छ । त्यसैगरी, करिब दुई वर्षअघि १४ जना नाबालिका केटीहरू सांसारिक जीवन त्यागेर आनी बन्न बम्जनको आश्रम पुगेका थिए । उनीहरू १२ देखि १८ वर्ष उमेर समूहका थिए । उनीहरू बम्जनलाई भगवान मानेर त्यहाँ पुगेका थिए । आश्रममा पुगेपछि उनीहरूले थाहा पाए–बम्जन भगवान हैनन् । उनी मानसिक हिसाबले स्वस्थ मानिस पनि हैनन् भन्ने उनीहरूले विस्तारै बुझे । यौन र हिंसाको आवेगले व्याकुल बम्जन आफूहरूलाई यौन शिकार बनाउन चाहन्छन् भन्ने बुझ्दै गए । उनीहरूले बम्जनका हर्कत सुरुमा पत्याएका थिएनन् । पुराना आनीले सचेत गराउन खोज्दा पनि बुझेका थिएनन् । जब बम्जनकी श्रीमती दिपशिखा डुमजन स्वयंले बाध्य भएर एक साँझ सबै आनीका अगाडि उनको कर्तुतबारे बताइन्, उनीहरूको आकाश खस्यो । 'भगवानको घर' ठानेको आश्रम नरक रहेछ भन्ने उनीहरूले थाहा पाए । त्यसको केही दिनमै जीवनसँग खतरा मोलेर पटक पटक गरी १० जना आनीहरु त्यहाँबाट भागेका थिए । आश्रमबाट भागेका यी १० जनामध्ये तीन जनालाई बम्जनले थर्काउँदै, फकाउँदै फिर्ता लगेका पीडित परिवारको भनाई छ । बम्जनको आश्रमका पुगेका आनीहरुमा कोही परिवारिक समस्याका कारण त कोही रहरका साथै कोही लामा बन्ने सपना बोकेर बम्जनको आश्रममा पुगेको पाइएको छ । बम्जनले आश्रममा पुगेका आनीहरुलाई सुरु सुरुमा जिस्क्याउने र झुक्याएर अंगालो हाल्ने थाले तर आश्रममा बसेका आनीहरुलाई आफ्ना गुरुले परिक्षा लिएका हुन भन्ने लाग्यो । तर 'एक दिन बम्जनकी श्रीमती दिपशिखा आश्रमबाट काठमाडौं गएकी समयमा बम्जनले आफुलाई भान्छा कोठाबाट बाहिर बोलाए । हात समातेर ताने, म कराउन खोजे, बम्जनले मुख थुनिदिए । तान्दै भित्र लगेर बलात्कार गरे । आफू म बलात्कृत भइसकेपछि मेरो ध्यान आफूभन्दा कलिला आनीहरूलाई जोगाउनमा केन्द्रित भयो ।' महिलाले बताईन् । उनको आश्रममा बसेका एक चेलाले 'यौनशक्ति बढाउन गुरूले यार्चागुम्बा घोलेर खान्छ । मैले नै कतिपटक घोल बनाएर दिएको छु ।', अर्का युवाले भने, 'गुरूको मोबाइल फोन अश्लील भिडियोले भरिएको छ । मलाई फोन रिचार्ज गर्न दिँदा मैलै नै त्यस्तो भिडियो हेरेको छु ।'

## को हुन् 'लिटिल बुद्ध' भनिने बम्जन

'उनी कसरी एक सनकी युवाबाट 'लिटिल बुद्ध' बने ? उनलाई कसले 'लिटिल बुद्ध' बनायो ? कसरी उनी तपस्वीबाट यौन पिपाशु बने ? कसरी यति धेरैको यौन शोषण गरे, कयौंमाथि हिंसा मच्चाए र सम्भवतःकयौंको ज्यान लिए ? र, यी सबै खबरबाट राज्य कसरी बेखबर रह्यो ? यी सबै अपराध छोपेर उनलाई कसले हजारौं समर्थकबीच 'मैत्रिय बुद्ध' का रूपमा प्रचार गरिरहेको छ ? बम्जनसँग आज कति पैसा छ ? कति चल–अचल सम्पत्ति छ ? कसैलाई थाहा छैन । सर्लाही, सिन्धुली र सिन्धुपाल्चोकका तीन आश्रमको जग्गा जोड्दा उनीसँग सयौं बिघा जग्गा रहेको उनका अनुयायीहरूको अनुमान छ । उनीसँग स्वदेश र विदेशबाट आएको दानको यति धेरै पैसा छ, एउटा आश्रमबाट अर्कोमा जाँदा उनी अक्सर हेलिकप्टर प्रयोग गर्छन् । उनको निजी प्रयोगका लागि टोयटाको ल्यान्डक्रुजर गाडी छ । डेढ वर्षअघि ललितपुरको चुनीखेलमा पूजा लगाउँदा बम्जन गाडीको लावालस्कर लगाएर पुगेका थिए । त्यो पूजामा उनका स्वदेशी अनुयायीका साथै करिब तीन दर्जन विदेशी अनुयायी पनि आएका थिए । उनीसँग कति हातहतियार छन्, कसैलाई थाहा छैन ।

तेह्र वर्षअघि बाराको रतनपुरी ५ का १४ वर्षीय एक किशोर घरबाट हराए । घरमा खैलाबैला मच्चियो । गाउँभरि खोजिभयो तर कतै फेला परेनन् । भोलिपल्ट घरमुनि खोल्सीमा ठूला दाइले भेटे । ती किशोर घर फर्किन मानेनन् । एकोहोरो अघिअघि हिँडे । एक ठाउँमा पुगेपछि दाइलाई भने, 'म यहीँ बस्छु, तपाईं जानू ।' भोलिपल्ट जंगलभित्र एउटा पिपलको रूखमुनि उनी तपस्यारत भेटिए । त्यसअघि उनको तपस्या र ध्यानको खासै पृष्ठभूमि छैन । भारतको देहरादुनमा लामा पढ्न गएका उनी पढाइ नसकी फर्किएका किशोर बम्जन हुन् । रतनपुरी जंगलमा 'तपस्वी'लाई हेर्न मानिसहरू आउन थाले । विस्तारै घुइँचो बढ्यो । स्थानीय तथा राष्ट्रिय मिडियाले समाचार लेखे । आगन्तुकको घुइँचो झनै बढ्यो । धुपबत्ती, खादा, ध्वजा र झन्डाहरूको खात लाग्न थाल्यो । कतिपयले नजिकै फूलगुच्छा, अगरबत्ती र खादाहरूको पसलै खोले । होटल खोले । सुनसान जंगल एकाएक गुल्जार भयो । बाराको रतनपुरी जंगलमा बम्जन १० महिना बसे । कति तपस्या बसे, कति निराहार बसे, त्यो विवादास्पद नै छ । त्यहाँ उनलाई सघाउने भित्री 'सर्कल'मा परिवारका सदस्य मात्र थिए । उनका जेठा दाइ, भाइहरू र मामाका छोरा । त्यो बेला रतनपुरीमासँगै बसेका एक चेला बम्जन १० महिना निराहारै ध्यानमा बसेको दाबी गर्छन् । यसमा अविश्वास गर्नेको कमी छैन । त्यति लामो समय नखाई तपस्या बसेका बम्जन हृष्टपुष्ट नै देखिन्थे । त्यसैले धेरैले शंका गरे । बम्जन नखाई तपस्या बसेका हुन् वा होइनन् भनी निक्र्यौल गर्न जाँच्ने कुरा आयो । डाक्टरको टोली तयार भयो तर, उनले परीक्षणका लागि चाहिने रगत नमूना दिन मानेनपछि शंका सृजना भएको बागमती नगरपालिका १ का वडा अध्यक्ष गम्भीरसिंह पाख्रिनले बताए । उनका अनुसार बम्जनले सत्य बोलेको थियो भने परीक्षण गरेर के बिग्रिन्थ्यो?' उनले थपे 'मलाई पहिलै शंका थियो त्यो दिनदेखि पुरै विश्वास हट्यो ।' उनलाई विश्वास गर्ने, उनको दर्शन गर्ने भन्दा शंका गर्नेहरु बढे । तर पनि देश–विदेशका दर्शनार्थीको घुइँचो बढ्दै गयो र शंका गर्नेहरू विस्तारै पाखा लागे । विश्वास गर्ने कतिले उनलाई भगवान मान्न थाले । त्यसपछि २०६३ फागुनबाट रतनपुरीमा बसेको करिब १० महिनापछि उनी एकाएक हराए । त्यसले राष्ट्रिय मात्र हैन, अन्तर्राष्ट्रिय सञ्चारमाध्यमको पनि ध्यान तान्यो । केही दिनपछि उनी नजिकैको हलखोरिया जंगलमा भेटिए । बेलायती समाचार संस्था बिबिसीले उनको 'स्टोरी'गर्यो । प्रतिष्ठित डिस्कभरी च्यानलले 'बुद्ध ब्वाइ' भनेर बम्जनको बायोपिक वृत्तचित्र नै बनायो । उनी तपस्या गरेर, हलचल नगरी ७२ घन्टा एकैठाँउ बसेको भिडियो आफूले खिचेको डिस्कभरीले दाबी गर्यो । त्यसले अन्तर्राष्ट्रिय रूपमा उनको नाम झनै फैलियो । उनलाई हेर्न विदेशबाट पनि मानिसहरू आउन थाले । एकाएक उनी 'लिटिल बुद्ध' बने । देशभित्रै र बाहिरबाट पनि दान र सहयोग बढ्न थाल्यो । हलखोरियामा उनले आफ्ना सहयोगी र अनुयायीहरूलाई आश्रम बनाउन लगाए । तपस्याका लागि पाताल गुम्बा बनाउन लगाए । वरको ठूलो रुखमुनि ६० जना खटेर सात फिट अग्लो र सात फिट चौडा गुफा बनाएको एक अनुयायीले सुनाए । केही समय पाताल गुम्बामा बसेपछि बम्जन बाहिर देखिन थाले । विस्तारै उनले आफना हर्कत पनि देखाउन थालेको छ । २०६४ असारमा आश्रमको एक घटनाले बम्जनको आपराधिक प्रवृत्ति झल्काउँन थाल्यो । त्यो दिन बम्जन नजिकै डाँडामा घुम्न निस्किएका थिए । उनले आफ्नी दिदीलाई त्यहीँबाट अलि चर्को स्वरमा 'मेरो गुम्बामा कोही हतियार लिएर पसेको छ, चेक गर ।' भने । उनका दिदी, दाजु लगायत वरिपरिका मानिस पाताल गुम्बाको कम्पाउन्डमा आए बम्जनले भनेको मान्छे पाताल गुम्बाभित्र पस्यो । चुकुल लगायो । बम्जनको रिसको पारो चढ्दै गयो । उनले कराँते खेल्ने खेलाडीझैं उफ्रेर ढोकामा धेरैपटक हिर्काए तर ढोका खुलेन । त्यसपछि गुरूले तरबार निकालेर ढोकामा कसरी हाने ढोका एकै पटकमा खुल्यो । त्यो व्यक्तिलाई बम्जनले तानेर कम्पाउन्ड बीचमा ल्याए । उनी त्यही गाउँका स्थानीय युवा थिए । घुँडा टेकेर शिर निहुर्याएर बसे । 'बम्जनले हावामा तरवार नचाउँदै शिर निहुर्याएर बसेका ती युवामाथि उज्याए तर बम्जनकी दिदीले रोकिन् । बम्जनले तरबार त्यही व्यक्तिको छेउमा गाडे र ती युवालाई सोधे तँ किन यहाँ आइस्, उसले गुरू बसेको ठाउँ दर्शन गर्न आएको भन्यो ।' बम्जनका एक चेलाले भने, 'बम्जनले फेरि तरबार उचालेर हावामा घुमाए, कतिखेर गुरूले तरबार चलाए छन्, त्यो व्यक्तिको छालासहित टुप्पी तासियो ।' उनमा हिंसाप्रति लगाव थियो र सुरूदेखि नै हातहतियारको मोह थियो भन्ने त्यो र पछिका घटनाले पुष्टि गर्छन् । हलखोरिया आश्रममै रहँदा बमजनको अर्को पाटो पनि विस्तारै खुल्न थालेको थियो । त्यो हो बम्जनको आश्रममा बसेकी पुरानी आनी विष्णु बलमाथी हलखोरिया आश्रमको पाताल गुम्बामै यौन दुव्र्यवहार भएको हल्ला । 'पछि बम्जनका जेठा दाजुले यौन दुव्र्यवहार गर्दागर्दै उनलाई रंगेहात भेटे ।

दिदी राजकुमारीले पनि अर्की आनीसँग त्यस्तै हर्कत गर्दै गरेको भेटिन् । दाइ र दिदीले बम्जनका गतिविधिहरु प्रति आपत्ति जनाए र बम्जनले विस्तारै दुवैलाई आश्रमबाट पन्छाए ।' एक चेलाले भने । जंगलमा तार बारको घेराभित्र बस्ने बम्जनका विवादास्पद चरित्र क्रमशःवरिपरिका मानिसले देख्न थालिसकेका थिए । तथापि पनि बाहिरको संसारलाई भने यी कुरा थाहै थिएन । त्यही बेला एक तामाङ थरकी महिलाले प्रहरीमा उजुरी दिएपछि बम्जन लामो समयदेखि फरार रहँदै आएका थिए । प्रहरीको टोली पटक पटक उनको आश्रममा पनि पुग्ने गरेको भएपनि बम्जनलाई पत्ता लगाउन र पक्राउ गर्न सकेको थिएन ।

हामी सबै एक्लै नै छौँ
भन्ने भुल्नु हुँदैन।
–लिली टमलिन

## सम्पादकीय

# पूर्वराजाको अभिनन्दन र हिन्दूमत

*केही दिनदेखि बाराको सिमरामा रहेका पूर्वराजा ज्ञानेन्द्र शाहलाई वीरगंजमा अभिनन्दन गरिने भएको छ । उनको अभिनन्दनको मिति माघ १३ गते तोकिएको छ । यसका लागि वीरगंजमा भएका राष्ट्रवादी, राजावादी, हिन्दूवादी, पूर्वपञ्च मात्रै होइनन्, नेपाली कांग्रेसका नेताहरु पनि एकमत भएर लागेका छन् । उनीहरुले पूर्वराजाको अभिनन्दनलाई भव्य बनाउने तयारी गरेका छन् । यो बीचमा पूर्वराजा भने आफ्नो धार्मिक तालिकाअनुसार, सर्लाही, रौतहट र बाराका मठमन्दिरमा पुग्ने भएका छन् । त्यहाँ उनले पूजापाठ गर्नेछन् । स्वागतमा आउने सर्वसाधारणसँग पनि भेटघाट गर्ने छन् । उनीहरुले गर्ने पुकारा सुन्नेछन् । 'राजा आऊ, देश बचाऊ'को नाराले फेरि एकपटक गुञ्जायमान हुने देखिन्छ । यसअघि लुम्बिनीको भैरहवामा पनि लामो समय बसेका पूर्वराजाको त्यहाँ पनि अभिनन्दन भएको थियो । यसपटक त्यहाँ उनले नेकपा एमालेका नेताहरुसँग पनि भेटघाट गरे । अझ पूर्वराजाको अभिनन्दन समितिमा एमालेकै नेताहरु पनि बस्न चाहेका थिए । पूर्वराजाले देशमा हिन्दू र राजतन्त्रको मुद्दा अरु बलियो हुँदै जाने अपेक्षा गरेका थिए । उनले राप्रपाका टप पाँच नेतालाई काठमाडौँबाट भैरहवा बोलाएर उनीहरुसँग खाना खाएर आफ्नो भावना पनि शेयर गरेका थिए ।*

*भैरहवामा नेकपा एमालेका नेताहरु पूर्वराजासँग निकट हुन चाहे झैँ वीरगंजमा नेपाली कांग्रेसका वरिष्ठ नेता वीरेन्द्रलाल नेपाली नै नागरिक अभिनन्दन समारोह समिति नेतृत्व गरिरहेका छन् । अभिनन्दन समारोह सफल बनाउन भएभरका राष्ट्रवादी शक्ति जुटेका छन् । राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय नागरिक संघर्ष समिति, राष्ट्रिय सरोकार मञ्च, राष्ट्रिय शक्ति नेपाल, नेपाल राष्ट्रवाद संघ, नेपाल विद्वत परिषद, शिव सेना नेपाल, वीर गोर्खाली अभियान, राष्ट्रवादी शान्ति समूह, मुस्कान सेना नेपाल, राजभक्त राष्ट्रवादी समूह, विश्वहिन्दू महासंघ, राष्ट्रवादी नागरिक समाज, राजसंस्था पुनःस्थापना संघर्ष समिति, विश्व हिन्दू परिषद्, राप्रपा नेपाल, नेपाल जनता पार्टी, वजरंग दल तथा २०४७ को संविधान हाम्रो अभियानसहितका राजनीतिक दल तथा संघसस्था पूर्वराजाको अभिनन्दनमा जुटेका छन् । उनीहरुको सक्रियता केही दिनअघिदेखि नै थियो । पूर्वराजाको भैरहवा बसाइ लामो भएकाले नै वीरगंजमा अभिनन्दनको मिति केही ढिलाइ भइरहेको थियो । यो बीचमा सोमबार पूर्वराजा आएपछि उनीहरुले मिति तोकेका हुन् ।*

*पूर्वराजाको घुमघाम र अभिनन्दनसँगै एउटा विषय उठेको छ २०७२ को संविधान खारेज र २०४७ को संविधान पुनःस्थापना । २०७२ को संविधानअनुसार नै नागरिकता विधेयक आएर राष्ट्रपतिद्वारा प्रमाणिकरणपछि यो अवधिमा एक लाख भन्दा बढीले नागरिकता लिइसकेका छन् । अरु ५ लाख अनागरिकले नागरिकता पाउने भनेर प्रक्षेपण गरिएको छ । यो प्रक्षेपणको फाइदा सबैभन्दा बढी मधेशले लिने भनिएको छ । यसलाई उपलब्धी मानेर जनकपुरमा त राष्ट्रपति रामचन्द्र पौडेलको अभिनन्दनसमेत भएको छ । अब प्रश्न उठ्छः २०४७ को संविधान पुनःस्थापना कति जाहेज छ ? खासगरी मधेशका जनताका लागि ? २०७२ ले गरेको व्यवस्था अनुसारको कार्यान्वयन गलत भन्न सकिन्छ र ? २०४७ को संविधान गलत मानेर नै जनताको संविधान भनेर २०७२ मा जारी संविधानमा मधेशको असहमति पनि नागरिकता प्रकरणमा जोडिएपछि समाधान ठानिएको हो । मुद्दा राजनीतिक हो तर राष्ट्रहित पहिलो हुनुपर्छ । बहुसंख्यक जनताको मुद्दा छिमलिनु पर्छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# स्केट खेललाई हेर्ने दृष्टिमा परिवर्तन हुँदै



सुशील दर्नाल



तिलोत्तमा–४ स्थित डिङ्गनगरका रामकृष्ण परियारलाई आजकल स्केट खेलप्रति आकर्षण बढेको छ । पहिला छोरा अभिषेकले स्केट खेल खेलेको पटक्कै मन पर्दैनथ्यो। छोराले स्केट खेलमै प्रगति गर्न थालेपछि उनी यस खेलप्रति आकर्षित भएका हुन्। रूपन्देहीको तिलोत्तमास्थित स्केट पार्कमा आयोजना गरिएको 'पाँचौं दक्षिण एसियालीस्तरीय स्केट बोर्ड प्रतियोगिता तथा स्केट जात्रा' मा हेर्न आएका रामकृष्ण भन्छन्, 'आजकाल त मलाई पनि खेल मन पर्न थालेको छ, म बुढो मान्छेलाई खेल्न त आउँदैन तर छोराले खेलेको देखेर खुसी लाग्छ, हामी बूढाबूढी छोराको स्केट खेल हेर्न तीन दिनदेखि दैनिक आउने गरेका छौँ।'

आफ्नो छोराले राम्रो खेलेको देखेर रामकृष्णकी श्रीमती अर्जनालाई पनि यो खेल राम्रो लाग्न थालेको छ। 'सुरुमा त छोराले घरमै स्केट बोर्ड लिएर आउँदा अब छोरो बिग्रिने भयो, गलत बाटोमा लाग्ने भयो भन्ने चिन्ता लागेको थियो, यो खेलको बारेमा बुझेपछि विस्तारै हामीलाई पनि मज्जा लाग्दै गयो, अहिले छोराले राम्रो खेलेको देख्दा रमाइलो लाग्छ,' अर्चनाले भनिन्।

तिलोत्तमा–४ स्थित ड्राइभरटोलका अमर विकलाई पनि आफ्नो छोराले स्केल खेलमा प्रगति गरेको देख्दा खुसी लाग्छ। १९ वर्षीय छोरा सुनिलले स्केट खेलबाटै विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कार समेत जितिसकेका छन्। उनी स्केट खेलका लागि भारत र थाइल्याण्डसमेत पुगेका छन्। 'हामीलाई छोराले यही स्केट खेलमै राम्रो गर्न सक्छ भन्ने लागेको छ,' विकले भने।

ड्राइभरटोलकै बाबु रामबहादुर कामु र आमा प्रेमकुमारी कामुका १५ वर्षीय छोरा यमबहादुर कामुले पनि जात्रामा आयोजना गरिएको प्रतियोगितामा भाग लिए। छोराले प्रतियोगितामा भाग लिएको देख्दा बाबु रामबहादुर र आमा प्रेमकुमारी ढङ्ग बने। यो स्केट खेल पनि अरु फूटबल, भलिबल जस्तै खेलिने खेल रहेछ भन्ने लागेको छ उनीहरुलाई। अर्का खेलाडी खुसी विकेका बाबु मधु विके पनि स्केट जात्रा हेर्नका लागि लगातार तीन दिनदेखि उपस्थित भए।

जात्रामा पाँच हजार खेलप्रेमीको सहभागिता थियो। युवादेखि वयस्क र वृद्धवृद्धाले समेत चासोका साथ जात्राबाट मनोरञ्जन लिएका थिए। जात्रामा सहभागी रमेश रानाभाटले भने, 'आफूले अहिलेसम्म यस किसिमको खेल खेलेको देखेको थिएन, निकै रमाइलो लाग्यो। अब यो खेललाई पनि सरकारले प्राथमिकता दिनुपर्छ, यसको संरक्षण गर्नुपर्छ र नेपालले यस खेलमा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सफलता पाउन सक्छ।'

हिजोका दिनमा यो खेल सडकमै खेल्नुपर्ने अवस्था थियो भने आज पार्कमै खेल्न सक्ने अवस्था रहेको अध्यक्ष पहाडीको भनाइ छ। 'हिजोका दिनमा सडकमा खेल्न प्रहरीले दिँदैनथे, अभिभावकले पनि नकारात्मक रुपमा लिने गरेका थिए, तर आजको दिनमा विस्तारै सबैलाई बुझाउन सकिएको छ,' उनले भने। पछिल्लो समयमा नेपाली स्केट खेलाडीहरु भारतका विभिन्न स्थानमा हुने स्केट प्रतियोगितामा विजयी हुन थालेका छन्। कतिपयले स्केट खेलबाटै आम्दानीको स्रोत पनि बनाउन सुकेका छन्। विस्तारै नेपालमा स्केट खेललाई हेर्ने दृष्टिमा सकारात्मक परिवर्तन आउन थालेको छ।

स्केट खेल प्रतियोगिताका लागि नेपाली खेलाडी जापान, दुवै, थाइल्याण्ड, भारत र इन्डोनेसियालगायतका मुलुक पुगिसकेका छन्। सन् २०१६ मा थाइल्याण्डमा आयोजना गरिएको राष्ट्रिय प्रतियोगितामा मिलन शाह ठकुरी विजयी भएका थिए। पहाडीले भने, 'हिजोका दिनमा हामी सात दोबोटोको सम्म भागमा खेल्नुपर्ने थियो भने अहिले सडकबाट स्केट पार्कमा छिरिसकेको छ, पछिल्लो जात्रामा भाग लिनका लागि भारतलगायतका देशबाट लामो यात्रा गरेर पनि खेलाडी आएका थिए।'

स्केट–एड नेपालले स्केट खेलको सकारात्मक प्रभावका लागि विभिन्न विद्यालय र क्याम्पसमा सचेतनामूलक कार्यक्रम गर्दै आएको छ। स्कुल र क्याम्पस पढ्ने अधिकांश विद्यार्थी तथा युवाको रुचीको खेल स्केट बन्दै गएको छ।

संस्थाले सचेतनाको साथसाथै स्केट खेलसम्बन्धी सामग्री पनि हस्तान्तरण गर्दै आएको छ। सुरुको चरणमा नेपालमा स्केट खेल शून्य मात्रामा थियो भने आजकाल स्केट खेल खेल्ने खेलाडीको संख्यामा पनि वृद्धि भएको छ। स्केट पनि एउटा खेल हो भन्ने धेरैको बुझाइ भएको छ। पहिला स्केट भन्ने बित्तिकै दुर्व्यसनमा लागेका मानिसले खेल्ने खेल हो भनेर चिन्ने गरिन्थ्यो भने अहिले सोचाइमा परिवर्तन आएको छ। यो पनि भलिबल, फुटबल जस्तै एउटा खेल हो भन्ने चेतनाको विकास भएको छ।

विश्वमा खेलिने फुटबल र क्रिकेटलगायतका खेलहरूमा जस्तै स्केट खेलमा पनि नेपालका युवाहरूको पछिल्लोपटक आकर्षण बढ्दै गएको हो । खासगरी अमेरिका, अस्टे«लियालगायत युरोपियन देशहरूमा साहसिक खेलको रूपमा खेलिने स्केट खेलप्रति नेपालका युवा पनि सक्रिय बन्दै गएका छन्। सन् १९६० तिर अमेरिकाको एक शहरमा स्केट बोर्डलाई साधनको रुपमा लिने गरेको पाइन्छ। त्यसपछि युरोपियन देश हुँदै विश्वका अन्य देशहरुमा विकास भएको पाइन्छ।

नेपालमा स्केट खेलको इतिहास हेर्ने हो भने सुरुसुरुमा विदेशहरु नेपाल आउँदा स्केट बोर्ड लिएर आउने र खेल्ने गरेको पाइन्छ। नेपालमा पहिले धनी परिवारका छोराछोरीले विदेशबाट ल्याएर खेल्ने गरे तापनि त्यसको व्यवस्थापन हुन सकेको थिएन। सन् २०११ मा स्केट खेलाडीको एउटा सूमह बन्यो। यसले यो खेललाई व्यवस्थित बनाउन कोसिस ग¥यो। पछि सन् २०१३ मा युवा फर चेन्जलगायत निजी क्षेत्रबाट विभिन्न सङ्घसंस्थाले स्केट खेलको संरक्षण र प्रवद्र्धनमा काम सुरु गरेको पाइन्छ। अहिले नेपालभरि करिब एक हजार स्केट खेलाडी सक्रिय छन्।

स्केट खेललाई प्रवद्र्धन गर्ने उद्देश्यले सरकारले २०७१ सालमा नेपाल स्केटिङ तथा स्केट बोडिङ सङ्घसमेत गठन गरेको छ। युवा फर चेन्ज संस्थाले बुटवलमा स्केट र अन्य खेलबारे समेत जानकारी लिन सकिने इन्डोर स्केट पार्क र रिसोर्स सेन्टर निर्माण गरेको छ।

स्वदेशी एवम् विदेशी खेलप्रेमी, उद्योगी, व्यवसायी, शिक्षाविद्, राजनीतिकर्मी, सञ्चार तथा कलाकर्मीहरुको समेत सहयोग र सद्भावमा आर्थिक सङ्कलन गरी बुद्धजन्मस्थल पवित्र भूमि लुम्बिनीस्थित रुपन्देहीको तिलोत्तमा–४ मा 'इनडोर स्केट पार्क एवम् रिसोर्स सेन्टर' निर्माण प्रारम्भ गरिएको हो। पार्कमा सबै वर्गका खेलप्रेमी युवायुवतीलाई समान अवसर सिर्जना गर्ने गरी प्रशिक्षण, तालिम एवम् होस्टेल र कार्यक्रम हल, पुस्तकालयसमेत निर्माण गरी निःशुल्क सेवा प्रदान गरिँदै आएको छ । स्केट पार्क फ्रान्स, जर्मनी, क्यानडा, स्पेन, जापान, भारत र नेपालका स्केट क्षेत्रमा लागेका र अन्य सहयोगी व्यक्तिहरुको सक्रियतामा निर्माण गरिएको हो।

स्थानीय उत्पादनको प्रवद्र्धनका साथै बालबालिका र युवा वर्गलाई लक्षित गरी यसपटक स्केट जात्राको आयोजना गरिएको हो। रूपन्देहीको तिलोत्तमास्थित स्केट पार्कमा पुस ५ देखि ७ गतेसम्म आयोजना गरिएको जात्रामा नेपालले तीन स्वर्ण, दुई रजत र तीन कास्य पदक जितेको छ। प्रतियोगितामा नेपालसहित भारत, बङ्गलादेश, श्रीलङ्का, भुटान, पाकिस्तान र माल्दिभ्सका तीन सय खेलाडीको सहभागिता थियो । जात्रामा स्केटिङ प्रतियोगिताका साथै विभिन्न स्टलसमेत राखिएको थियो । आगामी वर्षको छैटौँ संस्करण भारतमा गरिने भएको छ । पहिलो संस्करण काठमाडौँ हुँदै पाल्पा, र तेस्रो, चौँथो र पाँचौ रुपन्देहीमै आयोजना गरिएको थियो।

लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्याक्र्याल लामाले आफू विभिन्न देशमा जाने क्रममा त्यहाँ स्केट र स्केटिङको बारेमा जान्ने र बुझ्ने मौका पाएको र नेपालमा पनि त्यसको विकास गर्नुपर्नेमा जोड दिए । 'ओलम्पिकमा गइसकेको खेल भएका कारण पनि स्केट खेललाई नेपालमा मात्रै नभएर दक्षिण एसियामै प्रवद्र्धन गर्नुपर्छ, जापान र युरोपियन मुलुकहरुमा राम्रो प्रवद्र्धन भइरहेको छ,' उनले भने।

नयाँ संविधानको कार्यान्वयनसँगै नेपाललाई सम्वृद्ध नेपाल बनाउने भनिएको छ । समृद्ध नेपाल निर्माण हुँदैगर्दा नेपालको खेलकुद क्षेत्रको विकासलाई पनि तीव्र गतिमा अगाडि बढाउन जरुरी छ। लुम्बिनी प्रदेश खेलकुद विकास समितिका सदस्यसचिव गोविन्द भट्टराईले स्केट र स्केटिङको विकासको निम्ति स्थानीय, प्रदेश र सङ्घ गरी तीनै तहका सरकारले उत्तिकै चासोका साथ प्रवद्र्धन र विकासमा जोड दिनुपर्ने बताए।

सन् २०२० को जापानमा भएको ओलम्पिकमा रोलर स्केटिङले खेलको मान्यता पाएको सन्दर्भमा नेपालमा पनि स्केट खेललाई पनि फुटबल, भलिबल वा अन्य खेललाई जस्तै मान्यता दिँदै सकारात्मक सोचका साथ सरकारले त्यसको विकास र संरक्षण गर्नुपर्ने आवश्यकता औँल्याइएको छ । विश्वका अन्य मुलुकहरुमा स्केट खेलको विकाससँगै खेलाडी उत्साहका साथ अगाडि बढिरहेका सन्दर्भमा नेपालमा पनि अबका युवा पुस्तालाई प्रोत्साहन र हौसला दिन जरुरी छ। रासस

# दियालो बालेर मनाइयो 'भुवो पर्व'

हुम्लाका विभिन्न गाउँ बस्तीमा भुवो पर्व मनाइएको छ। बुधबार राति सल्लाको दियालोको राँको बनाएर परम्परागत 'भुवो पर्व' जिल्लाको सिमकोट, सर्केगाड, खार्पुनाथ, अदानचुली, ताँजकोट गाउँपालिकामा मनाइएको हो। जिल्लाका अधिकांश गाउँपालिकामा आआफ्नो गाउँ टोलबाट सुरु भई विभिन्न बस्तीमा सल्लाको दियालो सल्काएर गाउँको पाइकपर्ने स्थान (भुवाखाडो)मा जम्मा भई भुवो नाच, फाक, चाँची, गीत गाएर रातभरि जाग्रम बस्ने चलन छ।

हिउँद खेतीपातीबाट फुर्सद हुने समय भएकाले भुवो पर्व हुम्लाका सबै गाउँमा परापूर्वकालदेखि मनाउने चलन छ।। यो पर्वमा सबैले मीठामीठा खानेकुरा एकआपसमा बाँडीचुँडी खाने परम्परा छ।

**ठेहे गाउँका लागि विशेष पर्व**

जिल्लाको सबैभन्दा बढी जनसङ्ख्या र घर एकआपासमा जोडिएर ठूलो बस्ती रहेको सिमकोट गाउँपालिका–१,२ ठेहे गाउँमा भुवो पर्वलाई दसैँ, तिहारको जस्तै महत्वका साथ यो पर्व मनाउने गरेका छन्। गाउँभन्दा टाढा सरदमुकाम, अन्य गाउँबस्तीमा कामको सिलसिलामा रहेका ठेहेका बासिन्दा यो दिन घर आइपुग्छन्।

टाउको सेतो पटुकी, घाँटीमा पहेंलो कपडा, ऊनी बक्खु र कम्मरमा सेतो पटुकी बाँधेर भुवाखाडोमा पुरुष जम्मा हुने गर्छन्भने धामीझाँक्रीले सेतो बक्खु लगाउने प्रचलन छ।

युवा पुस्ताले भने गाउँमा कुटुम्बकी छोरीसँग पानी मागेर ठटेउली शब्द बोलेर रमाइलो गर्ने चलन रहेको रावलले बताउनुभयो। ठेहे गाउँमा बोहरा थरका युवाले भण्डारी र रावल थरका युवाले बोहरा थरका युवतीसँग पानी माग्दै उनीहरुका बुवाबाजेको नाम पुकार्ने चलन छ । एक टोलबाट कुटुम्बको अर्को टोलमा गएर पानी माग्ने चलन रहेको छ। बुढापाका भने रातभरि जाग्राम बसी भुवो देवता, देवीदेवताका भोजन, फाक, चाँची गाएर भुवोको अगेनु वरिपरि बसी गीत गाउने चलन रहेको सिमकोट गाउँपालिका–२ का हुनी बोहराले बताए।

बिहीबार बिहानपख दियालो सल्काएर गाउँ नजिकै खोला वा मुल पानीको धारो नजिकै भुवो विर्सजन गरी स्नान गरेका छन्। हिउँदयामको माइनसमा झरेको तापक्रमको चिसोको कुनै पर्वाह नगरी नुहाउँछन्। बिहान सबेरै आफ्ना मान्यजनको घरमा गएर ढोक गर्ने चलन रहेको बोहराले बताउनुभयो। राति भुवो खेल्दा मान्यजनको नाम पुकारेर गरेको गालीको



माफी माग्न ढोग गर्न जाने चलन छ। बिहीबार दिनभरि नाङ्गो र धारिलो तरबार, खुकुरी र ढालसहित पौराणिक युद्धकला प्रदर्शनका खेल, चुँढाल (तरबार) नाच, फुर्का खेल खेल्ने चलन भएको उनले बताए।

**महाभारतको स्मरणमा भुवो पर्व**

महाभारतका पाण्डव र कौरवबीचको लडाइँ सकिएपछि पाण्डवको विजयसँगै खुसीयाली मनाएको दिनलाई स्मरण गर्दै हुम्लाका विभिन्न गाउँमा भुवो खेल्ने गरिन्छ । पर्वमा महाभारतका पाण्डव र कौरवको युद्धकाबेला पाण्डवको सङ्घर्ष, जङ्गलमा बास बसेको समय, विकासमा खेलेको भूमिकालाई लिएर भुवोका गीत गाइन्छ। वनबासमा पाण्डवका भाइ पुगेको ठाउँमा छोडेको चिनारी भएको आसपासमा यो पर्व बढी मनाउने चलन रहेको बौद्धिक व्यक्ति तथा शिक्षक सूर्यमणि बोहराले बताए। भुवाखाडामा मुणा जम्मा गर्ने र भुवा औँसीको अघिल्लो दिन राति मुढा सल्काइ रातभरि देउडा, भुवो गीत, फाँक, चाँची, भोस्सो, खेल्ने चलन रहेको बोहराले बताए।

शिक्षक बोहराले भने, 'आज दिउँसो दायाँ हातमा तरबार र बायाँ हातमा ढाल समाइ बाजाको तालमा तरवार नाच नाच्ने चलन छ । पौराणिककालमा पाण्डव र कौरवबीच लडाईं हुँदा एक हातमा तरबार र अर्को हातमा ढाल समाइ गरेको सम्झनामा तरवार नाच खेल्ने गरिन्छ।'

उनले भन्ने, 'राति राँकेजुलुसको अर्को विशेषता पाण्डव र कौरवको लडाईंमा रातपरेपछि उज्यालोको आवश्यक भएपछि राँको सल्काई लडाईं सुरु गरेको स्मरणमा अहिले पनि मध्यरातमा राँकेजुलुस निकाल्ने गरिन्छ ।' बोहरा थरका पुरुषले प्रत्येक टोलमा राँकेजुलुस निकालेर काठका दाउरा(मुणा) माग्ने गर्छन्।

पछिल्लो समय भुवो पर्वप्रति युवाको आकर्षण घट्दै गएको स्थानीय बासिन्दाले बताएका छन्। यो पर्व हुम्लाका ठेहे, ताक्ला, राया, सर्किदेउ, उनापानी, रोडीकोट, राहदेव श्रीमष्ठा, मेल्छाम, दार्मा, मिमी, जैर, कालिका, श्रीनगर, मैला र मदाना गाउँमा भव्यरुपले मनाएका छन्।

# कक्षा १० को एसइई खारेज नगर्न बोर्डको आग्रह



**रासस**
**काठमाडौँ ।**
राष्ट्रिय परीक्षा बोर्डले साविकको माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) लाई कायमै राख्न प्रतिनिधिसभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिसमक्ष आग्रह गरेको छ ।

विद्यालय शिक्षा विधेयक, २०८० माथि सुझाव दिने क्रममा बिहीबार राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा महाश्रम शर्माले हाल सञ्चालन भइरहेको परीक्षालाई कायम राख्न र यसलाई प्रदेश सरकारबाट सञ्चालन गर्न सुझाव दिए । उनले हरेक दुई/दुई वर्षमा बाह्य परीक्षा हुनुपर्ने भएकाले कक्षा ८ पछि एकैपटक कक्षा १२ को परीक्षा लिने गरी राखिएको विधेयकको प्रस्ताव उचित नभएको बताए । कक्षा १० मा बोर्ड परीक्षा नलिँदा कक्षा १२ मा अनुत्तीर्ण विद्यार्थीको दर झन बढ्नसक्ने र अनुत्तीर्ण हुँदा विद्यार्थीमा मनोवैज्ञानिक असर पर्नसक्ने औँल्याउँदै शर्माले परीक्षाको स्तर र स्वीकार्यता नभएमा त्यसले अन्तर्राष्ट्रियस्तरमा मान्यता नपाउने भएकाले कानुन बनाउँदा त्यसमा ध्यान दिन आग्रह गरे ।

समितिको बिहीबार सिंहदरबारमा बसेको बैठकमा बोर्डका पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक वैकुण्ठ अर्यालले पाठ्यक्रमलाई समयसापेक्ष परिमार्जनको प्रक्रिया जारी रहेको बताए । उनले स्थानीय तथा मातृभाषाका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तह र शिक्षकको क्षमता विकास गर्नुपर्नेमा जोड दिए । महानिर्देशक अर्यालले पाठ्यक्रममा राष्ट्र, राष्ट्रियता र मूल्यमान्यताका विषयवस्तुलाई थप्नुपर्ने महसुस गरिएको उल्लेख गर्दै हरेक पाँच/पाँच वर्षमा पाठ्यक्रम अनिवार्य परिवर्तन हुने गरेको बताए । बैठकमा सांसदहरुले पाठ्यक्रमले विद्यार्थीलाई देशभक्तिको भाव, सीप र सक्षमता तथा रोजगारी दिन सक्नुपर्नेमा जोड दिँदै युवा विदेश पलायनका कारण कतै पाठ्यक्रम र परीक्षाको कमजोरी त होइन भन्ने प्रश्नमा अनुसन्धान गर्न माग गरे । उनीहरुले सरुवा रोगको सचेतना, ट्राफिक नियम, सामाजिक, सांस्कृतिक र धार्मिक मूल्य, मान्यताका विषयलाई पाठ्यक्रममा समावेश गर्न पनि आग्रह गरे । समितिका सभापति भानुभक्त जोशीका अध्यक्षतामा भएको बैठकमा सदस्य डा चन्द्र भण्डारी, बद्री पाण्डे, डा तोषिमा कार्की, विद्या भट्टराई, सरिता भुसाल, डा कालुराम राईलगायतले आमन्त्रित पदाधिकारीसँग जिज्ञाशा राख्दै विद्यालय शिक्षालाई गुणस्तरीय र सीपमूलक बनाउन पाठ्यक्रम र परीक्षा प्रणालीमा सुधार हुनुपर्ने बताएका थिए ।

# ‘सहमतिबाट सङ्क्रमणकालीन विधेयक टुङ्ग्याउनुपर्छ’



**रासस**
**काठमाडौँ ।**
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक सहमतिमा समितिबाटै टुङ्ग्याउनुपर्ने बताएका छन् ।

प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको बिहीबारको बैठकमा उनले सकेसम्म सहमतिमै टुङ्ग्याउने नत्र प्रक्रियामा गएर भए पनि निष्कर्षमा पुर्याउने सहमति भएको बताए ।

‘सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकलाई टुङ्ग्याउन सहमति खोज्ने हो’, मन्त्री गुरुङले भने, ‘सहमति हुनसकेन भने प्रक्रियामा जाने सहमति भएको छ तर सहमतिमै निष्कर्षमा पुर्याउने हो ।’

उनले आठ–दश दिनमा उक्त विधेयकलाई टुङ्ग्याउने विषयमा राजनीतिक दलका शीर्षनेताहरूलाई पनि भेट्ने र सहमतिमा टुङ्ग्याउने विश्वास व्यक्त गरे । समितिका सभापति विमला सुवेदीको अध्यक्षतामा भएको बैठकमा नेपाली कांग्रेसका प्रमुख सचेतक रमेश लेखकले विस्तृत शान्ति सम्झौता भएको १७ वर्ष पूरा हुँदा पनि १० वर्ष सशस्त्र द्वन्द्वका पीडितले न्याय पाउन नसक्नु गम्भीर विषय भएको र सहमतिमा विधेयकलाई टुङ्ग्याउनुपर्ने बताए ।

यदि सहमति हुन नसकेको अवस्थामा प्रक्रियाबाट जानुपर्ने उनले बताए ।

बैठकमा नेकपा (एमाले)का सचेतक महेश बर्तौलाले विधेयकका असहमतिका विषयमा सहमतिमा टुङ्ग्याउन सकिने र सकिएनभने प्रक्रियाबाट पनि निष्कर्षमा पुर्याउन सकिने बताए । ‘विधेयकका असहमतिका विषय सहमतिमा टुङ्ग्याउन सक्छौँ, यदि सहमति भएन भने विधेयक निर्माणको आफ्नै प्रक्रिया छ’ उनले भने । बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलापसम्बन्धी विधेयकमाथिको विवादका विषयमा सकेसम्म सहमतिबाट र नभए बहुमतीय प्रक्रियाबाट अघि बढाउने विषयमा छलफल भएको हो ।

समितिका सदस्य सन्तोष परियार, रञ्जु ठाकुर, पूर्णबहादुर घर्ती, जीवन परियार, सोविता गौतम, नागिना यादव, सुशीला थिङलगायतले सकेसम्म सहमतिबाटै विधेयक समितिबाट पारित गर्नुपर्ने नभए प्रक्रियाबाट भए पनि पारित गरेर पीडितलाई न्याय दिनुपर्नेमा जोड दिएका थिए ।

उक्त विधेयकमा सत्य पत्ता लगाउने, न्याय, परिपूरण र सजायका विषयमा सहमति जुटाउने प्रयास भइरहेको छ ।

# जनताले समृद्धिको अनुभूति गर्न पाउनुपर्छः दसौदी



- राष्ट्रियसभामा विज्ञता हासिल गरेका व्यक्ति हुनुपर्छ
- नीति निर्माण गर्न सरकारको ध्यान पुग्न सकेको छैन
- सबै दलका नेताहरुले आफ्ना क्रियाकलाप सच्याउनुपर्छ
- उत्पादनलाई प्राथमिकता नदिए मुलुक समृद्ध हुन सक्दैन

‘राजनीति नितान्त सेवा हो । तर यहाँ धेरैले यसलाई पेसाको रुपमा लिएका छन् । यसलाई सेवाको रुपमा ठानेर देश र जनताको सेवामा समर्पित हुने तथा देश बनाउन लाग्नुपर्ने हुन्छ, तबमात्र देश बन्छ ।’

**कुमार दसौदी, राष्ट्रियसभा सदस्य**

**काठमाडौँ ।**
रोल्पा घर भएका कुमार दसौदी राष्ट्रियसभाका सांसद हुन् । उनको कार्यकाल आगामी फागुन २० गतेदेखि सकिँदैछ । त्यसैले उनी यसबीचमा आफूले संसदमा गर्न सकेका र नसकेका कामको स्वमूल्याङ्कन गर्न थालेका छन् । राष्ट्रियसभाको सांसदको रुपमा रहँदा दसौदी विभिन्न अनुभव वटुल्ने अवसर प्राप्त गरेको बताउँछन् । ‘जनप्रतिनिधिले सिक्नुपर्ने र जान्नुपर्ने धेरै कुरा रहेछन्, त्यो अनुभूत गर्ने अवसर प्राप्त भयो’ उनले भने ।

राष्ट्रियसभामा विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने सांसद दसौदी बताउँछन् । सबै पार्टीले त्यस्ता व्यक्तिलाई स्थान दिनुपर्ने उनले जोड दिए । ‘राष्ट्रियसभामा विज्ञता हासिल गरेका व्यक्तिको प्रतिनिधित्व अहिले नै होला भन्ने विश्वास छैन’ सांसद दसौदी भन्छन् ।

राष्ट्रियसभामा जनताको आवश्यकताअनुसारको प्रतिनिधित्व हुन नसकेको उनको ठहर छ । ‘संसद् कानुन बनाउने थलो हो । तर यहाँ देश र जनताका पक्षमा आवश्यक कानुन बनाउने कार्य प्राथमिकतामा परेको छैन’, सांसद दसौदीले भने ।

आफ्नो कार्यकालमा एउटा मात्र विधेयक राष्ट्रियसभाबाट पारित भएको उनी बताउँछन् । सरकारले विधेयक ल्याउन नसकेको नेता दसौदीको गुनासो छ । रोजगारको व्यवस्था गर्ने तथा आयआर्जनको उपायबारे सरकारको ध्यान जान नसकेको सांसद दसौदी बताउनुहुन्छ । नीति निर्माण गर्न सरकारको पटक्कै ध्यान नपुगेको उनको गुनासो छ । ‘राष्ट्रियसभामा जनताका मुद्दा सम्बोधन गरिनु पर्छ’ उनले भने ।

‘राष्ट्रियसभा विभिन्न विधेयकबारे छलफल गर्ने र निर्णय लिने ठाउँ हो । सरकारको विरोध र समर्थनका कुरा पनि बेला बेलामा भइरहन्छन् । अन्तिममा विधेयक पारित भने सर्वसम्मत गर्ने गरिएको छ । यो नै राष्ट्रियसभाको चरित्र हो’, सांसद दसौदीले भने ।

राष्ट्रियसभामा हरेक क्षेत्रका विज्ञ तथा राजनीतिभन्दा फरक हिसाबले सोच्ने व्यक्तिको प्रतिनिधित्व हुनुपर्ने उनको धारणा छ । ‘म राष्ट्रियसभामा आएपछि यस अवधिमा आएका विधेयकबारे आफ्नो सुझाव राखे । संसदमा सक्रियरुपमा सहभागिता जनाए’, नेता दसौदीले भने । उनको अनुभवमा प्रतिनिधिसभामा समझदारी र सहकार्य भन्दा पनि बहुमतको आधारमा निर्णय गर्ने गरेको पाइयो ।

यस्तो अवस्थामा देश र जनताको हितमा हुने गरी कानुन नबन्न पनि सक्ने उनको बुझाइ छ । जनताको अपेक्षा जनजीविकाका सवाल, विकास निर्माण, स्वास्थ्य, शिक्षालगायत भए पनि उल्लेख्य सुधार हुन नसकेको सांसद दसौदीले बताए । ‘यस विषयमा राष्ट्रियसभामा कुरा उठाए । त्यहाँ जति तर्क बहस गरे पनि उल्लेख्य उपलब्धि हासिल भएको जस्तो लागेन’, उनले भने । जनताका अपेक्षा असीमित भएकाले तिनलाई सम्बोधन गर्न सकिने जति एउटा जनप्रतिनिधिको हिसाबले सक्दो प्रयास गरेको नेता दसौदीले बताए ।

जनताका अपेक्षालाई प्राथमिकता निर्धारण गरेर सदनमा उठाउने तथा कानुन निर्माणमा सक्रिय भएको उनी बताउँछन् । ‘जनतामा निराशा र असन्तुष्टि हुनु स्वभाविक हो । यद्यपि जनताले खोजेको विकास र समृद्धिका लागि सरकार तथा संसद प्रयासरत रहनुपर्छ’, सांसद दसौदीले भने । हुर्कँदै गएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र तथा सङ्घीयताप्रति जनताको अविश्वास र असन्तुष्टि देखिएको उल्लेख गर्दै उनले यसतर्फ सबै दल र जनप्रतिनिधिको ध्यान जानुपर्ने बताए ।

दलका नेताहरुले आफ्ना क्रियाकलाप सच्याउनुपर्ने सांसद दसौदीको सुझाव छ । समृद्धिका लागि उत्पादन मुख्य कुरा भएको उल्लेख गर्दै उनले उत्पादनलाई प्राथमिकता नदिए मुलुक समृद्ध हुन नसक्ने बताए । पर्यटन क्षेत्रको पूर्वाधार विकास, ऊर्जा र जलस्रोतको पूर्वाधार निर्माण गरेर विद्युत् व्यापार बढाउने, उद्योग कलकारखानामा सहज विद्युत् आपूर्तिसँगै औद्योगिक विकास, रोजगारी सिर्जना गर्ने, जलस्रोतमा लगानी गरी सिँचाइको व्यवस्था गरेर कृषि उत्पादन बढाउने तथा खनिज पदार्थको उत्खननजस्ता कार्यमा सरकारले ध्यान दिए मात्र मुलुक समृद्ध हुने नेता दसौदीको बुझाइ छ ।

‘राजनीति नितान्त सेवा हो । तर यहाँ धेरैले यसलाई पेसाको रुपमा लिएका छन् । यसलाई सेवाको रुपमा ठानेर देश र जनताको सेवामा समर्पित हुने तथा देश बनाउन लाग्नुपर्ने हुन्छ । तबमात्र देश बन्छ’ सांसद दसौदीले भने ।

# अस्पतालमा आउने बिरामीले गुनासो गर्ने अवस्था आउनुहुन्नः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ वीर अस्पताल स्वास्थ्य क्षेत्रको आधारस्तम्भ भएकाले उपचारका क्रममा बिरामीले गुनासो गर्ने अवस्था नआउने गरी काम गर्न निर्देशन दिएका छन् । प्रधानमन्त्री दाहालसँग चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (न्याम्स)का पदाधिकारीसँग बिहीबार भएको छलफलमा उहाँले वीर अस्पतालबाट जनताले प्राप्त गर्ने सेवाबाट देशको स्वास्थ्य चित्र देखिने भएकाले पनि वीर अस्पतालको सेवा गुणस्तरीय र सुलभ हुनुपर्ने बताए । वीर अस्पतालले माग गरेको स्रोतसाधन उपलब्ध गराउन सरकार प्रयासरत रहेको उल्लेख गर्दै प्रधानमन्त्री ‘प्रचण्ड’ले भने, ‘बिरामीलाई गुणस्तरीय सेवा दिनुहोला, उपचारका क्रममा उहाँहरूले गुनासो गर्ने अवस्था आउनु भएन ।’

वीर अस्पतालले परम्परागत तवरलेभन्दा पनि जनताले अनुभूत गर्नेगरी आफ्ना सेवा उपलब्ध गराउनुपर्नेमा उनले जोड दिए । कुलपति नियुक्ति प्रक्रियामा आफूले छलफल चलाएको उल्लेख गर्दै प्रधानमन्त्री ‘प्रचण्ड’ले सम्बन्धित क्षेत्रकै विज्ञ कुलपति हुने व्यवस्था गरिने विश्वास दिलाए । छलफलमा न्याम्सका उपकुलपति डा भूपेन्द्रकुमार बस्नेतले अस्पतालमा बिरामीको चाप अत्यधिक रहेको जानकारी गराउँदै वीर अस्पताललाई आवश्यक स्रोतसाधन उपलब्ध गराउन प्रधानमन्त्रीसँग आग्रह गर्नुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

# नेपाल र आयरल्याण्डका सांसदबीच शैक्षिक सहकार्यबारे छलफल

**रासस**
**काठमाडौँ ।**
नेपाल र आयरल्याण्डकबीच दुई देशको शिक्षा विकासका क्षेत्रमा सहयोग र सहकार्य बढाउन छलफल भएको छ । नेपाल पाँच दिने भ्रमणमा रहेको आयरल्याण्डको माथिल्लो सभा शाअनड एरेनका अध्यक्ष जेरी बट्रिमरसहितका सिनेटरसँग सङ्घीय संसद्, सचिवालयले आयोजना गरेको शैक्षिक सहकार्यसम्बन्धी छलफल कार्यक्रममा गुणस्तरीय शिक्षा, स्तरीकृत परीक्षा, नवप्रवर्तन, अनुसन्धान, युवा परिचालन आदि विषयमा अनुभव आदानप्रदान र सहकार्य बढाउने सकिने बताइएको हो । अध्यक्ष जेरीले सामुदाय र नागरिक क्षेत्रको सहकार्यका आधारमा शिक्षाको स्तरलाई माथि उठाउन र उच्च शिक्षाका क्षेत्रमा पनि नयाँ नयाँ सम्भावना खोज्न सकिने बताए ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीले विद्यालय शिक्षालाई कुन ढाँचामा सञ्चालन गर्दा गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्नेबारेमा समितिले विद्यालय शिक्षा विधेयकमाथि छलफल गरिरहेको जानकारी दिए । काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापाले विदेशी विद्यार्थीका लागि समेत आफूहरुले छात्रवृत्ति दिएको जानकारी दिँदै नेपाललाई शैक्षिक हब बनाउन प्रयास भइरहेको जनाए । सङ्घीय संसद्, सचिवालयका सचिव डा रोजनाथ पाण्डेले सचिवालयले पुस्तकालयलाई व्यवस्थित बनाउन र स्रोत केन्द्र सञ्चालन गर्न तयारी गरिरहेको अवगत गराए । उच्च शिक्षालय तथा विद्यालय सङ्घ (हिसान) का अध्यक्ष रमेश सिलवालले नेपालमा उत्कृष्ट उच्च शिक्षा दिलाउन यहाँका कलेज सक्षम रहेको स्पष्ट गर्दै विदेशका अशल अभ्यासलाई अनुशरण गरिने बताए ।

यसैबीच, राष्ट्रपति रामचन्द्र पौडेलसँग आयरल्याण्डको माथिल्लो सभाका अध्यक्ष जेरी बुट्टीमेरले शिष्टाचार भेटवार्ता गरेका छन् । बिहीबार राष्ट्रपति भवनमा भएको भेटमा राष्ट्रपति पौडेलले वर्तमान सरकारको प्राथमिकता दिगो आर्थिक विकास भएको र त्यसले लोकतन्त्र, समावेशीकरण एवं सङ्घीयतालाई संस्थागत गर्न योगदान पुर्याउनेमा नेपाली जनता विश्वस्त रहेका बताए । राष्ट्रपतिको कार्यालयका अनुसार राष्ट्रपति पौडेलले नेपाल र आयरल्याण्डबीचको सौहार्दपूर्ण सम्बन्धलाई अझ बलियो बनाउँदै भविष्यमा द्विपक्षीय, क्षेत्रीय तथा बहुपक्षीय क्षेत्रमा आपसी हितका विषयमा सहकार्य गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिएका थिए ।

# मंसिरमा मात्र १३५ अर्ब रेमिट्यान्स भित्रियो



**मधेशदृष्टि**
**वीरगंज ।**
चालु आर्थिक वर्ष २०८०÷८१ को पहिलो पाँच महिनामा रेमिट्यान्स आप्रवाह मासिक एक खर्ब भन्दा माथि पुगेको छ ।
 नेपाल राष्ट्र बैंकका अनुसार साउनदेखि मंसिरसम्म ६ खर्ब १३ अर्ब २५ करोड रुपैयाँ रेमिट्यान्स नेपाल भित्रिएको छ । यस अनुसार यस वर्ष हरेक महिना १ खर्ब रुपैयाँ भन्दा माथि रेमिट्यान्स आएको छ । मंसिर महिनामा मात्र १ खर्ब ३५ अर्ब २९ करोड रुपैयाँले रेमिट्यान्स भित्रिएको छ । कात्तिक मसान्तसम्म ४ खर्ब ७७ अर्ब ९६ करोड रुपैयाँ रहेको रेमिट्यान्स मंसिर मसान्तमा पुग्दा ६ खर्ब नाघेको हो ।
नेपाल राष्ट्र बैंकका अनुसार मंसिरसम्मको रेमिट्यान्स गत वर्षको यसै अवधिको तुलनामा २७.६ प्रतिशत धेरै हो । अघिल्लो वर्ष रेमिट्यान्स २३ प्रतिशतले बढेको थियो । यो अघिल्लो आर्थिक वर्षको यसै अवधिको तुलनामा २४.५ प्रतिशत हो । अघिल्लो वर्ष यस्तो आप्रवाह १३.१ प्रतिशतले बढेको थियो । यस अवधिमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या भने गत वर्षको तुलनामा कम रहेको छ । यस वर्ष ५ महिनामा १ लाख ७३ हजार ५५५ जनाले नयाँ श्रम स्वीकृति लिएका छन् । गत वर्ष यो संख्या २ लाख ३६ हजार ७७९ रहेको थियो । पुनः श्रम स्वीकृति लिनेको संख्या यस वर्ष १ लाख ४ हजार ३७ रहेको छ । गत वर्ष यसै अवधिमा १ लाख १५ हजार ९४८ रहेको थियो ।

# सामाजिक सुरक्षा कोषलाई सबै नागरिकसम्म पुऱ्याउन आग्रह




**रासस**
**काठमाडौँ ।**
सरकारले लागू गरेको सामाजिक सुरक्षा कोषलाई सबै नागरिकसम्म पुर्याउन सरोकार भएकाले आग्रह गरेका छन् । सामाजिक सुरक्षा कोष र नेपाल घरेलु तथा साना उद्योग महासङ्घबीच बिहीबार भएको औपचारिक क्षेत्रका श्रमिकको सामाजिक सुरक्षा विषयमा अन्तरक्रिया कार्यक्रममा सरोकार भएका निकायका अधिकारीले आग्रह गरेका हुन् । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवल भण्डारीले नेपालको संविधानमा उल्लेखित सामाजिक सुरक्षासम्बन्धी हकलाई कार्यान्वयन हुनेगरी सरकारले अघि बढाएको यस कार्यक्रममा आबद्ध हुन सबैलाई आह्वान गरे । साथै उनले सामाजिक सुरक्षा कार्यक्रमलाई सबै नागरिकसम्म पुर्याउन मन्त्रालयबाट आवश्यक समन्वय र सहयोगमा कुनै कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरे । कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले कोषको महत्वबारे प्रकाश पार्दै कोषमा आबद्ध हुने प्रक्रिया र अवस्थाका बारेमा जानकारी गराएका थिए ।
 घरेलु तथा साना उद्योग महासङ्घका निवर्तमान अध्यक्ष श्यामप्रसाद गिरीले कोषमा आबद्ध हुँदा देखिने चुनौती सामना गर्न आवश्यक सहयोगका लागि सरकारसँग आग्रह गरेका थिए । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी) का पूर्व अध्यक्ष विनोद श्रेष्ठले कोषमा थप रोजगारदातासमेत समेट्नुपर्ने ध्यानाकर्षण गराए । सामाजिक सुरक्षा कोषको स्थापना सामाजिक सुरक्षा (व्यवस्थापन कोष तथा सञ्चालन) नियमावली, २०६७ जारी भई सोबमोजिम २०६७ साल चैत ७ गते भएको हो । कोषले स्थापनाकालदेखि सामाजिक सुरक्षा करको व्यवस्थापन गर्दै आएकामा योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ जारी भएपछि ऐनबमोजिम कार्य गर्दै आएको छ । सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरुको आर्थिक तथा सामाजिक जोखिमको न्यूनीकरण गर्ने, सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकलाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन् ।

# समयमै दूधको भुक्तानी गर्न किसानको माग

**रासस**
**भरतपुर ।**
चितवनका किसानले दूधको समयमै भुक्तानी गर्न माग गरेका छन् । भरतपुरमा पत्रकार सम्मेलनको आयोजना गरेर उनीहरुले दूध बिक्री गरेको पैसा नपाउँदा पलायन हुनुपर्ने अवस्था आउन लागेको गुनासो व्यक्त गरेका हुन् । उनीहरुले सम्बन्धित निकाय समक्ष विभिन्न पाँच बुँदे माग समेत राखेका छन् । ती मागमा सहुलियत ऋण सुलभ तरिकाले प्रदान गर्नुपर्ने, बीमामा देखिएको समस्यामा तत्काल सम्बोधन हुनुपर्ने, बागमती प्रदेश सरकारद्वारा दिँदै आएको दुध उत्पादनमा आधारित अनुदान रकम सबै दुग्ध किसानले सहज तरिकाले प्राप्त गर्नुपर्ने लगायतका छन् ।
 चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घका अध्यक्ष किशोर बगाले चितवनका दुग्ध किसानका समस्या समाधानमा सरोकारवाला निकाय उदासिन बनेको गुनासो गरे । दूधको भुक्तानी समयमै हुनुपर्ने जनाउँदै उनले दूधको बजारीकरणमा समेत समस्या रहेको पत्रकार सम्मेलनमा बताए । सङ्घका सचिव कल्याण अधिकारीले बजारीकरणमा समस्या भोगिरहेका दुग्ध किसानको भुक्तानीमा ढिलाइ हुँदा समस्या झन जटिलहुँदै गएको छ बताए । 'न उत्पादन बढी हुँदा बिक्री गर्न सकिन्छ, न त बिक्री भएको दूधको भुक्तानी पाइन्छ', उनले भने, 'हामी चेपुवामा परेका छौँ ।' आत्मनिर्भरता उन्मुख हुँदै गएको दुग्ध क्षेत्रलाई राज्यको नीतिले सम्बोधन नगरेको र किसानलाई प्रोत्साहन नभएको उनले गुनासो गरे ।

# झापामा सहकारीको ७० अर्ब पुँजी परिचालन

**रासस**
**बनियानी ।**
झापामा सहकारीमार्फत रु ७० अर्बभन्दा बढी पुँजी परिचालन भएको छ । झापा जिल्ला सहकारी सङ्घका अध्यक्ष गणेश ढकालका अनुसार जिल्लाको ४५ प्रतिशत जनसङ्ख्या सहकारी अभियानसित जोडिएको छ । 'सहकारीमार्फत परिचालित पुँजीले यहाँका विपन्न वर्गमा वित्तीय पहुँच स्थापित भएको छ', उनले भने, 'यसले स्वरोजगार सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।' सहकारीमार्फत परिचालित पुँजी कृषि, उद्योग, व्यापार, यातायात, शिक्षा, स्वास्थ्य, पशुपालन, दुध उत्पादन, वैकल्पिक ऊर्जालगायतका क्षेत्रमा लगानी भएको अध्यक्ष ढकालले बताए । पछिल्लो समयमा झापाका सहकारीमा ऋण असुलीमा समस्या देखिएको छ । सहकारीबाट लिएको ऋण तिर्न आनाकानी गर्दा सहकारी संस्थाको ऋण असुलीमा समस्या देखिएको हो । अध्यक्ष ढकालले भने, 'ऋण तिर्न प्रेरित गर्न राष्ट्रिय अभियान नै चलाउनुपर्ने देखिन्छ, यसमा राज्यको सहयोग अपरिहार्य छ ।' झापामा आठ सय दुई सहकारी दर्ता भएकामा ५८ वटा खारेज भएका छन् । 'स्थानीय तहले सहकारीको नियमन गर्न थालेयता र मर्ज हुने क्रम बढेसँगै सहकारीको सङ्ख्या घटबढ भइरहेको छ', सङ्घका सचिव भवानीप्रसाद दङ्गालले भने । झापा जिल्ला सहकारी सङ्घमा चार सय ९२ सहकारी संस्था आबद्ध छन् । यसमा बहुउद्देश्यीय ७४, बचत तथा ऋण एक सय ९३, कृषि सहकारी एक सय ९३, दुग्ध र सुपारी ६÷६, चिया र उपभोक्ता चार–चार, विविध आठ र सङ्घ चार आबद्ध रहेको सचिव दङ्गालले बताए । झापाका सहकारीमा पाँच हजारभन्दा बढी व्यक्तिले प्रत्यक्षरुपमा रोजगारी पाएका छन् ।

# ताइवानको चुनावमा हस्तक्षेप नगर्न अमेरिकालाई चीनको आग्रह



**एएफपी**
**बेइजिङ ।**
वासिङ्टनले यसै साता हुने निर्वाचनपछि ताइवानमा एक प्रतिनिधिमण्डल पठाउने बताएपछि चीनले स्वशासित ताइवानको चुनावमा हस्तक्षेप नगर्न अमेरिकालाई आग्रह गरेको छ । चीनको विदेश मन्त्रालयका प्रवक्ता माओ निङले चीन–अमेरिका सम्बन्धमा गम्भीर क्षति नपुगोस् भनेर वासिङ्टनले ताइवान क्षेत्रको चुनावमा कुनै पनि प्रकारको हस्तक्षेप नगर्न आग्रह गरेका छन् । वासिङ्टनले स्वशासित टापुमा महत्वपूर्ण निर्वाचनपछि ताइवानमा 'अनौपचारिक' प्रतिनिधिमण्डल पठाउने घोषणा गरेपछि उनले भने, 'चीनले अमेरिका र ताइवानबीच कुनै पनि प्रकारको आधिकारिक आदानप्रदानको कडा विरोध गर्दछ ।' 'ताइवान चीनको अविभाज्य अङ्ग हो', उनले भने ।
 माओले बेइजिङसँग चुनावलाई लिएर तनाव नबढाउन अमेरिकाले दिएको चेतावनीको पनि विरोध गरेका छन् । उनले भने, 'ताइवान क्षेत्रको निर्वाचनलाई लिएर अमेरिकी पक्षले गरेको अनावश्यक तामझामप्रति चीन कडा असन्तुष्टि र विरोध जनाउँछ ।' 'हामी अमेरिकी पक्षसँग दुई देशका नेताले गरेका प्रतिबद्धता पूरा गर्न व्यवहारिक कदम चाल्न आग्रह गर्दछौँ',उनले भने ।

# क्रिकेटर सन्दीप लामिछाने निलम्बित



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल क्रिकेट सङ्घ (क्यान)ले नेपाली राष्ट्रिय क्रिकेट टोलीका खेलाडी एवं पूर्वकप्तान सन्दीप लामिछानेलाई निलम्बन गरेको छ ।
काठमाडौँ जिल्ला अदालतले जबरजस्ती करणी मुद्दामा निजलाई दोषी ठहर गरी सजाय निर्धारण गरेकाले घरेलु तथा अन्तर्राष्ट्रिय खेलबाट निलम्बन गरिएको क्यानका अध्यक्ष चतुरबहादुर चन्दले बिहीबार एक विज्ञप्ति निकालेर बताएका छन् । जिल्ला अदालत काठमाडौँले बलात्कार मुद्दामा दोषी ठहर भएका क्रिकेटर सन्दीप लामिछानेलाई बुधबार आठ वर्ष जेल सजाय, जरिवाना र क्षतिपूर्ति गरी पाँच लाख रुपैयाँ भराउने फैसला सुनाएको थियो । न्यायाधीश शिशिरराज ढकालको इजलासले सजाय सुनाएको हो । यही पुस १३ गते 'गौशाला–२६' लाई बलात्कार गरेको अभियोगमा लामिछानेलाई अदालतले दोषी ठहर गरेको थियो । अदालतले लामिछानेलाई आठ वर्ष कैद तीन लाख रुपैयाँ जरिवाना र दुई लाख रुपैयाँ क्षतिपूर्ति निर्धारण गरेको छ ।

# इजरायलको गाजा कब्जा गर्ने लक्ष्य छैनः नेतन्याहू



**सिन्हुवा**
**जेरुसेलम ।**
इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले गाजामाथिको कब्जा कायम राख्ने वा प्यालेस्टिनी सर्वसाधारणलाई विस्थापित गर्ने इजरायलको कुनै मनसाय नरहेको बताएका छन् । प्रधानमन्त्री नेतन्याहूले गाजा पट्टीमा प्यालेस्टिनीहरूको कथित नरसंहारको बारेमा हेगस्थित अन्तर्राष्ट्रिय अदालतमा सुनुवाइ सुरु हुनुभन्दा एक दिन अघि यस्तो टिप्पणी गरेका हुन् । नेतन्याहूले भने, 'इजरायलको गाजालाई स्थायी रुपमा कब्जा गर्ने वा त्यहाँका नागरिकलाई विस्थापित गर्ने कुनै मनसाय छैन भन्ने कुरा म स्पष्ट पार्न चाहन्छु ।' उनले गाजामा इजरायलले गरेको बमबारी हमासका लडाकूहरुलाई लक्षित गरी गरिएको र हामीले अन्तर्राष्ट्रिय कानुनको पूर्ण पालना गर्दै यस्तो गरिरहेको बताए । नेतन्याहूले भने, 'इजरायली सेनाले नागरिक हताहत कम गर्न सक्दो प्रयास गरिरहेको छ भने हमासले प्यालेस्टिनी नागरिकलाई मानव ढालको रूपमा प्रयोग गरेर उनीहरुलाई अधिकतम बलियो बनाउन सक्दो प्रयास गरिरहेको छ । 'हाम्रो लक्ष्य गाजालाई हमासका 'आतङ्ककारी' लडाकूहरूबाट मुक्त गर्नु र हाम्रा बन्धकहरुलाई मुक्त गर्नु हो', उनले भने । अक्टोबर ७ मा हमासले अचानक आक्रमण सुरु गरेयता सयौँ हमास लडाकू र गाजावासीले दक्षिणी समुदायमा आक्रमण गर्दा प्रारम्भिक आक्रमणमा ७९० सर्वसाधारणसहित इजरायलमा करिब एक हजार २०० व्यक्तिको मृत्यु भएको थियो । हमासले २५३ जनालाई बन्धक बनाएको थियो भने गाजामा १३२ जना अझै पनि रहेका छन् । यसैबीच, हमासद्वारा सञ्चालित स्वास्थ्य मन्त्रालयले जारी विज्ञप्तिमा इजरायली आक्रमणबाट प्यालेस्टिनीहरुको मृत्यु हुनेको सङ्ख्या २३ हजार ३५७ पुगेको र गाजाको २३ लाख जनसङ्ख्यामध्ये करिब १९ लाख विस्थापित भएको जनाएको छ ।

# तीन तहको लगानीमा गौतम बुद्ध क्रिकेट रङ्गशाला बनाइने

***त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग भरतपुर महानगरपालिकाले जग्गाको सम्झौता गरी रङ्गशालाको काम अघि बढाउन लागेको हो । महानगरसँग प्रदेश सरकारले पहिलो चरणमा ७५ करोड रुपैयाँ बराबरको काम गर्ने गरी सहमति भएको थियो ।***



**रासस**
**चितवन ।**
धुर्मुस–सुन्तली फाउण्डेसनले निर्माण प्रारम्भ गरेर छाडेको गौतम बुद्ध क्रिकेट रङ्गशाला तीन तहका सरकारको संयुक्त लगानीमा बन्ने भएको छ ।
 सङ्घीय सरकारले बागमती प्रदेश सरकारसँगको साझेदारीमा रङ्गशाला बनाउन भरतपुर महानगरपालिकालाई सहमति दिएसँगै संयुक्त लगानीमा बन्ने भएको हो । भरतपुर महानगर प्रमुख रेनु दाहालका अनुसार सङ्घीय सरकारको मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले सहमति प्रदान गरेको हो । राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको र लिज ऐनअन्तर्गत रङ्गशालाले जग्गा लिनुपर्ने भएकाले मन्त्रिपरिषद्को बैठकबाट सहमति लिनुपरेको उनले बताइन् । प्रमुख दाहालका अनुसार आयोजना सम्पन्न गर्न सङ्घीय सरकारले समेत अनुदानका रूपमा बजेट उपलब्ध गराउने छ । रङ्गशालाका लागि यसअघि सट्टाभर्नामा जग्गा लिने सहमति भएकामा अहिले प्रावधान नरहेपछि लिज ऐनअन्तर्गत ४० वर्षका लागि रङ्गशालालाई जग्गा लिन मन्त्रिपरिषद्ले सहमति दिएको छ । त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयसँग भरतपुर महानगरपालिकाले जग्गाको सम्झौता गरी रङ्गशालाको काम अघि बढाउन लागेको उनले बताइन् । महानगरसँग प्रदेश सरकारले पहिलो चरणमा ७५ करोड रुपैयाँ बराबरको काम गर्ने गरी सहमति भएको थियो । तर भरतपुर महानगरपालिकाले तयार गरेको योजनाअनुसार राष्ट्रियस्तरका खेल खेल्न मिल्ने बनाउन एक अर्ब रुपैयाँ लाग्ने प्रमुख दाहालले जानकारी दिइन् । पहिलो चरणमा खेलमैदान र प्यारापिटलगायतका काम सम्पन्न गरेर खेल खेल्न मिल्ने बनाइने उनको भनाइ छ । प्रदेश सरकारले ७० प्रतिशत लगानी गरेसँगै रकम अभाव भए सङ्घीय सरकारको अनुदान लिएर महानगरपालिकाले थप गरी रङ्गशाला बनाउने तयारी गरिएको हो । प्रमुख दाहालका अनुसार प्रदेश सरकारको बजेट सुनिश्चिततासँगै बहुवर्षीय ठेक्का लगाएर काम गरिने छ ।
 धुर्मुस–सुन्तली फाउण्डेसनले १९ करोड रुपैयाँ ऋण लागेको भन्दै दुई वर्षअघि निर्माणको काम छाडेको थियो । त्यसपछि रङ्गशाला निर्माण कार्य अलपत्र बनेको छ । महानगरपालिकाले आयोजनालाई महानगरको महत्त्वपूर्ण आयोजनाको रूपमा लिएको छ । महानगरका उपप्रमुख चित्रसेन अधिकारीले सङ्घीय सरकारले अनुमति दिएसँगै अब कामले गति लिने बताए ।

# टाटा मोटर्स फन कार्निभल




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालका लागि टाटा मोटर्सको एकमात्र अधिकारिक वितरक, सिप्रदी ट्रेडीङ्गले टाटा मोटर्स फन कार्निभल ३.० कार्यक्रम गर्न लागेको छ ।

कार्यक्रममा जुनसुकै ब्राण्डका पुराना गाडीसँग नेपालमा सर्वाधिक रुचाइएका टाटाका अत्याधुनिक प्रविधियुक्त नेक्सन इभी र टियागो इभीलगायतका गाडी साट्न सकिनेछ । ग्राहकवर्गको परिवर्तित जीवनशैली र अत्याधुनिक सवारीप्रतिको रुची तथा चाहनालाई मध्यनजर गर्दै मेला आयोजना गरिएको हो । मेला पुस २७ गतेदेखि पुस २९ गतेसम्म उपत्यकाबाहिर टाटा मोटर्सको शोरुम अलास्का मोर्टस बिर्तामोड, सिद्र्धाथ कटेज बुटवल, सिप्रदी ट्रेडिङ बुद्ध चोक पोखरा र टाउनहल प्लानिङ वीरगंजमा हुनेछ । फन कार्निभल ३.० मा टाटाका गाडी किन्ने ग्राहकले आकर्षक एक्सचेन्ज बोनस, निःशुल्क इभी गाडीका लागि फास्ट चार्जर, १ वर्षको अटोप्लस इन्स्योरेन्स, १ वर्षको सवारी कर, एक्सेसरिज, सरप्राइज गिफ्ट र बम्पर उपहारमा इलेक्ट्रिकल स्कुटर प्राप्त गर्नेछन ।

कार्निभलको मुख्य उदेश्य ग्राहकवर्गलाई खेल तथा मनोरञ्जनमार्फत नौलो अनुभूति गर्दै गाडी किन्ने फरक अनुभव प्रदान गर्ने रहेको छ ।

ग्राहकले टाटा मोटर्सको नयाँ तथा अत्याधुनिक डिजाइनका उत्पादन अवलोकन तथा टेष्ट ड्राइभ गर्न सक्नेछन् ।

# ३ दिनमा १३ ट्र्याक्टर नियन्त्रणमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जिल्ला प्रहरी कार्यालय धनुषाले पछिल्लो ३ दिनमा नदीजन्य उत्खनन् गरिरहेका १३ ट्र्याक्टर नियन्त्रणमा लिएको छ ।

बिहीबार मात्रै मिथिला नगरपालिका वडा नम्बर ४ स्थित जलाद खोलाबाट सात वटा ट्र्याक्टर नियन्त्रणमा लिइएको हो ।

इलाका प्रहरी कार्यालय ढल्केबरको टोलीले अवैध रुपमा बालुवा उत्खनन् गरिरहेको अवस्थामा ७ वटा ट्र्याक्टर नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । प्रहरीले प्र२–०२–००१ त २०४९, प्र२–०२–००१ त १६५४, प्र२–०२–००१ त १५२२, प्र२–०२–००१ त १९२, ज१त ४४७७, ज१त ४२४८ र ज१त ९७९७ नम्बरको ट्र्याक्टर नियन्त्रणमा लिएको हो । यसअघि बुधबार दुई अन टेस्टसहित ३ वटा र मंगलबार एउटा अनटेस्टसहित तीन वटा ट्र्याक्टर नियन्त्रणमा लिइएको थियो ।

# खुकुरी नचाउनेविरुद्ध मुद्दा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहा, कल्याणपुर नगरपालिका– ८ अरङका अनुचित लेनदेन (मिटरब्याज) पीडित युवकमाथि कुटपिट, दुर्व्यवहारसँगै खुकुरी उज्याउनेविरुद्ध प्रहरीले अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरेको छ ।

अरङ गाउँका ३५ वर्षीय सञ्जयकुमार कामतीको जाहेरीका आधारमा खुकुरी प्रहारको प्रयास गर्ने स्थानीय ६५ वर्षीय रामनारायण सिंहविरुद्ध अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरिएको इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए ।

घटनाको भोलिपल्ट मंगलबार प्रहरीले पक्राउ गरे पनि जाहेरी नपरेकाले हाजिरी जमानतमा छोडिएका सिंहलाई बुधबार पुनः पक्राउ गरी बिहीबार सिरहा जिल्लाअदालतबाट म्याद थप गरी अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ ।

घर व्यवहारका लागि कल्याणपुर–८, मझाउका साहुकार सुरेश पञ्जियारसँग २०७२ मा तीन लाख रुपैयाँ लिएका कामतीसँग उनले १२ लाख ३० हजार रुपैयाँको दुईवटा कपाली तमसुक बनाउनुका साथै सिरहा जिल्ला अदालतमा लेनदेन मुद्दाअन्तर्गत २०७८ मा डाक लिलाम गराएर ११ कित्ताको एक बिघा एक कट्ठा खेत, एक कट्ठा ६ धुर घडेरी र टिनको छाना भएको ११ कोठाको एकतले घर हत्याएका थिए ।

आफू ऋण तिर्न तयार हुँदाहुँदै साहुकारले षड्यन्त्रपूर्वक जायजेथा हडपेको भन्दै पीडित कामतीले करिब एक वर्षअघि जिल्ला प्रशासन कार्यालय सिरहामा मिटरब्याजीविरुद्ध उजुरी दिएपछि साहुकार पञ्जियारले सुटुक्क १० कट्ठा खेत, १६ धुर घडेरीसहितको घर सिंहलाई बिक्री गरेको उनको गुनासो छ ।

मिटब्याजविरुद्धको उजुरीको छानबिन चलिरेहका बेला षड्यन्त्रपूर्ण ढंगले आफ्नो घरघडेरी अर्कैलाई बेचेको थाहा पाएपछि पुस २३ गते सञ्जय र उनका भाइ राजकिशोर मिटरब्याजीविरुद्धको उजुरीको निक्र्योल नभएसम्म आफ्नै घरमा बस्छौँ भन्दै घर जान खोज्दा सिंहसहित उनका छोरा शैलेन्द्र र भतिज नितेशले कुटपिट गर्नुका साथै सिंहले यहीँ ढालिदिन्छु भन्दै खुकुरी उज्याएका थिए । त्यतिबेला सिंहका भतिज नितेशले कम्मरमा कटुवा पेस्तोल देखाउँदै आफूमाथि कुटपिट गरेको पीडित सञ्जयको भनाइ छ ।

# माघ ९ गतेसम्म विद्यालय बन्द

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शितलहरले जनजीवन प्रभावित भएसँगै विद्यार्थीहरू पनि प्रभावित भएपछि जनकपुरधाम उपमहानगरपालिकाका सम्पूर्ण विद्यालय बन्द गरिएको छ ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमन कुमार कार्कीले जारी गरेको सूचनामा पुस २९ गतेदेखि माघ ९ गतेसम्म नगर क्षेत्रका सम्पूर्ण विद्यालयमा जाडो बिदा दिइने उल्लेख छ ।

जाडो बिदा वर्षे बिदाबाट कट्टा हुने गरी दिइएको प्रमुख प्रशासकीय अधिकृत कार्कीले उल्लेख गरेका छन् । एक सातादेखि बिहानदेखि नै चिसो हावासँगै शितलहर चलेका कारणले जनजीवन प्रभावित छ ।

शितलहरका कारण बालबालिका, वृद्धवृद्धा, अशक्त, अपाङ्ग, गरिब तथा खुला आकाशमा काम गर्ने मजदुर बढी प्रभावित बनेका छन् । बढेको चिसोका कारणले दम तथा रुघाखोकीको मात्रामा वृद्धि हुनुका साथै गेठीया तथा दम्माका रोगीमा थप समस्या भएको छ ।

# महावीरद्वारा साप्ताहिक कार्यक्रम



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महावीर युवा कमिटीले ३३ वार्षिकोत्सवको साप्ताहिक कार्यक्रममा पत्रकारसँग मैत्रीपूर्ण क्रिकेट र लागूऔषधविरुद्ध तथा गुड टच ब्याड टच जनचेतनामूलक कार्यक्रम गरेको छ ।

पत्रकारहरु र कमिटीबीचको क्रिकेट प्रतियोगितामा कमिटी १ रनले विजयी भएको थियो । ब्याटिङ रोजेका महावीरले १५ ओभरमा ८ विकेट गुमाउँदै १ सय ४८ रन बनाएको थियो । जवाफी पारी खेल्दै पत्रकारले ४ विकेटको क्षतिमा १ सय ४७ रन बनाए ।

जनकपुरधामस्थित तिरहुतिया गाछीमा विजय यादवको संयोजकत्वमा सम्पन्न मैत्रीपूर्ण प्रतियोगितामा सबैभन्दा बढी पत्रकारका तर्फबाट अविनाश झाले ५६ रन बनाएका थिए ।

यस्तै, लागूऔषधविरुद्ध तथा गुड टच ब्याड टच जनचेतनामूलक कार्यक्रममा विद्यालयका विद्यार्थीसहित विभिन्न संघसंस्थाका प्रतिनिधि सहभागी थिए ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक मित्रबन्धु शर्माको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्रहरी निरीक्षक चन्द्रकला भट्टराई र किशोरी फाउन्डेसन सुधार केन्द्र जनकपुरधामका अजय कुर्मीले सहभागीलाई प्रशिक्षण दिए ।

# दुई कठ्ठामा लगाइएको गाँजा नष्ट



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरी, गौशाला–११ स्थित लक्ष्मीनिया टोलमा दुई कठ्ठामा लगाइएको गाँजा प्रहरीले नष्ट गरेको छ । उखु खेतका बीच दुई कठ्ठामा लगायएको गाँजा प्रहरीले काटेर जलाई नष्ट गरेको हो ।

उखु खेतको बीचमा लगाइएको गाँजा खेती कान्तिबजार प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले बिहीबार नष्ट गरेका हुन् । त्यस ठाँउलगायत वरिपरि लामो समयदेखि गाँजा तस्करी फस्टाएको देखिएको छ । यहाँबाट गाँजा लुकाइछिपाइ भारत पुऱ्याउने गरिएको छ ।

# आर्थिक प्रतिवेदन माग गरिने

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभा, सार्वजनिक लेखा समितिले मधेश प्रदेश सरकारसहितका निकायसँग आर्थिक प्रतिवेदन माग गर्ने निर्णय गरेको छ ।

मधेश प्रदेशमा देखिएको बेरुजुमा लेखा समितिले विगतदेखि नै मधेश प्रदेश सरकारदेखि सम्बन्धित निकायले गरेको आर्थिक कामकाजसहितको अहिलेसम्मको आर्थिक प्रतिवेदन माग गर्ने निर्णय गरेको हो । मधेश प्रदेश सरकारअन्तर्गतका सबै मन्त्रालय र सम्बन्धित निकायसँग विगत पाँच वर्षदेखिको आर्थिक गतिविधिसहितको प्रतिवेदन बुझाउन १५ दिनसम्मका लागि समय दिएको सार्वजनिक लेखा समिति सभापति मञ्जुकुमारी थापा मगरले जानकारी दिइन् ।

# वित्त आयोगको पाँचौँ प्रतिवेदन पेस



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले मधेश प्रदेशका प्रदेश प्रमुखसमक्ष आर्थिक वर्ष २०७९÷८० को पाँचौँ वार्षिक प्रतिवेदन पेस गरेको छ । नेपाल संविधानको धारा २९४ को उपधारा (३) बमोजिम प्रदेश प्रमुख हरिशङ्कर मिश्रसमक्ष आयोगका अध्यक्ष बालानन्द पौडेलले प्रतिवेदन पेस गरेका हुन् ।

# फरार प्रतिवादी १३ वर्षपछि पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
इलाका प्रहरी कार्यालय महेन्द्रनगर धनुषाको टोलीले क्षीरेश्वरनाथ–५ महेन्द्रनगरबाट सवारी ज्यान मुद्दामा फरार प्रतिवादीलाई नियन्त्रणमा लिएको छ । २०६८ मंसिर २५ गते दर्ता भएको मुद्दाका प्रतिवादी धनुषाधाम नगरपालिका–९ का ४५ वर्षीय अब्जल रहिम भनिने अफजल मन्सुरीलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।


**MADHESH ACADEMY**

**मधेश प्रज्ञा-प्रतिष्ठान**

मधेश प्रदेश, जनकपुरधाम

**अनुसन्धान प्रस्ताव आह्वान सम्बन्धी सूचना**

मधेश प्रज्ञा-प्रतिष्ठानले यस आ.व. २०८०/०८१ मा निर्धारित कार्यक्रम अन्तर्गत भाषा, साहित्य, संस्कृति, कला, गीत-संगीत एवं नाटकको क्षेत्रमा मधेश प्रदेशको अवस्था संग सम्बन्धित लघु अनुसन्धान कार्य प्रारम्भ हुने भएकोले प्रस्ताव उपलब्ध गराउन सर्वसाधारणको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१. प्रस्ताव कार्यालयमा उपलब्ध गराउँदा सम्बन्धित विभाग प्रमुख कहाँ प्रस्तुत गर्नु पर्नेछ ।
२. लेखनको भाषा नेपाली हुनेछ ।
३. अन्य जानकारी प्रस्ताव स्वीकृत भए पछि गरिने सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।
४. कसैसंग उपर्युक्त विषयमा लेखिएका अनुसन्धानमूलक पाण्डुलिपि छ भने पाण्डूलिपि पनि बुझाउन सकिन्छ । विज्ञहरुद्वारा पाण्डूलिपि परिक्षण गराई प्रकाशन योग्य भएमा प्रकाशित गरिनेछ ।
५. कुनै अन्य थप जानकारी चाहिएमा प्रतिषठनका फोन नम्बरहरु 9854029597, 041-591791मा सम्पर्क गर्नु सकिनेछ ।

\- प्रमुख प्रशासकीय अधिकृत


# बालक हराएको सूचना



धनुषा, क्षीरेश्वर नगरपालिकाका वडा नम्बर २ रमदैया, भवाडीका **धरविन यादव** रमदैया, भवाडीबाटै केही समयदेखि हराइरहेका छन् । उनलाई देख्नु हुने महानुभावले परिवारजनलाई तल दिइएको नम्बरमा या नजिकको प्रहरी कार्यालयमा सम्पर्क गरेर जानकारी गराइदिनु हुन सबैमा हार्दिक अनुरोध गर्दछौँ ।

*(बाबु, तिमी जहाँ छौ, छिट्टै घर फर्केर आऊ, कुनै अप्ठेरोमा परेका छौ भने पनि खबर गर, हामी तिम्रो चिन्ता गरिरहेका छौँ, खोजीमा जुटिरहेका छौँ । हामीलाई तिम्रो एकदम चिन्ता लागिरहेको छ बाबु)*

**बुवाः रामरतन यादव**

**आमाः सुमिन्त्रा देवी यादव**

**बालक अध्ययनरत स्कुलः उच्च मावि रमदैया, भवाडी**

**सम्पर्क नम्बरः**

**९८०४८०४१२१, ९८००८७४७७४ र ९८२५८५१६७०**

# शोधनान्तर स्थिति दुई खर्ब १० अर्ब ५९ करोड

### सरकारसँग १ खर्ब ८७ अर्ब ८६ करोड

सरकारका नाममा रहेका बैंक खातामा १ खर्ब ८७ अर्ब ८६ करोड रुपैयाँ मौज्दात रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ । २०८० असार मसान्तमा ७१ अर्ब ९८ करोड रुपैयाँमा झरेको मौज्दात ५ महिनामा बढेर झण्डै २ खर्ब रुपैयाँ हाराहारीमा पुगेको हो । सरकारले ५ महिनामा ४ सय ५३ अर्ब रुपैयाँ खर्च गरिसकेको छ । यो अघिल्लो आवको यसै अवधिको तुलनामा ४.१ प्रतिशत धेरै हो । यस अवधिमा सरकारले ३ सय ६० अर्ब चालु, ३६ अर्ब ६ करोड पूँजीगत र वित्तीय व्यवस्थामा ५६ अर्ब ९४ करोड रुपैयाँ खर्च गरेको छ । राजस्व परिचालन लक्ष्यको तुलनामा कम संकलन भए पनि वृद्धिदर भने गत वर्षको तुलनामा सुधार भएको छ । मंसिरसम्म ३ सय ६३ अर्ब ४३ करोड रुपैयाँ राजस्व संकलन भएको छ ।

### १७ खर्ब ६७ अर्ब विदेशी मुद्रा सञ्चिति

मुलुकभित्र विदेशी मुद्राको सञ्चिति सबल बन्दै गएको छ । मङ्सिर मसान्तसम्म १७ खर्ब ६७ अर्ब रुपैयाँ बराबरको विदेशी मुद्रा सञ्चिति रहेको नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको छ । असार मसान्तमा १५ खर्ब ३९ अर्ब ३६ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चितिमा १४ दशमलव आठ प्रतिशतले वृद्धि भई मङ्सिर मसान्तमा १७ खर्ब ६७ अर्ब चार करोड रुपैयाँ पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकामा मङ्सिर मसान्तमा १३ दशमलव छ प्रतिशतले वृद्धि भई १३ अर्ब ३१ करोड रुपैयाँ पुगेको छ । असार मसान्तमा १३ खर्ब ४५ अर्ब ७८ करोड रुपैयाँ रहेकामा मङ्सिर मसान्तमा १५ दशमलब छ प्रतिशतले वृद्धि भई १५ खर्ब ५६ अर्ब २५ करोड रुपैयाँ पुगेको छ ।

### छ खर्ब १३ अर्ब २५ करोड विप्रेषण

चालु आर्थिक वर्षको पाँच महिनामा छ खर्ब १३ अर्ब २५ करोड रुपैयाँ बराबरको विप्रेषण स्वदेश भित्रिएको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको चालु आर्थिक वर्षको मङ्सिर मसान्तसम्मको विवरणअनुसार विप्रेषण आप्रवाह २७ दशमलव छ प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २३ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह २४ दशमलव पाँच प्रतिशतले वृद्धि भई चार अर्ब ६२ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३ दशमलव एक प्रतिशतले बढेको थियो । वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ) लिने नेपालीको संख्या एक लाख ७३ हजार पाँच सय ५५ र पुनः श्रम स्वीकृति लिनेको संख्या एक लाख चार हजार ३७ छ ।

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको पाँच महिनामा शोधनान्तर स्थिति वृद्धि भएको जनाएको छ । बैंकले दुई खर्ब १० अर्ब ५९ करोड रुपैयाँ बचत रहेको जनाएको छ । अघिल्लो वर्ष यो अवधिमा शोधनान्तर स्थिति ४५ अर्ब ८६ करोड रुपैयाँ बचत थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको यही अवधिमा ३४ करोड ६८ लाख बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा एक अर्ब ५८ करोड बचतमा रहेको राससले समाचार दिएको छ ।

समीक्षा अवधिमा चालु खातामा एक खर्ब ४० अर्ब २३ करोड रुपैयाँ बचत छ । अघिल्लो वर्ष यही अवधिमा चालु खाता ४१ अर्ब २१ करोड रुपैयाँले घाटामा थियो । अमेरिकी डलरमा अघिल्लो वर्ष यही अवधिमा ३२ करोड २२ लाख घाटामा थियो भने चालु खाता समीक्षा अवधिमा एक अर्ब पाँच करोड बचतमा थियो । बैंकका अनुसार समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर १७ दशमलव दुई प्रतिशतले कमी आई दुई अर्ब ८७ करोड रुपैयाँ कायम भएको छ । खुद प्रत्यक्ष वैदेशिक लगानी तीन अर्ब ९२ करोड रुपैयाँले धनात्मक छ । अघिल्लो वर्ष सोही अवधिमा पुँजीगत ट्रान्सफर तीन अर्ब ४७ करोड रुपैयाँ कायम थियो भने

बाँकी पृष्ठ २ मा

# ३५० किलोमिटर पैदल हिँडेर अयोध्या !



**मधेशदृष्टि**
**वीरगंज ।**
भारतको अयोध्यामा नवनिर्मित राममन्दिरको समुद्घाटनमा सरिक हुन वीरगंजका युवा पैदल हिँडेर अयोध्या जाने भएका छन् । उनीहरुलाई अयोध्या पुग्न १० दिन पैदल यात्रा गर्नु पर्ने छ । राष्ट्रिय वजरंग दल पर्साका ११ युवा बिहीबार बिहान वीरगंजबाट अयोध्या यात्रामा निस्किएका हुन् । अयोध्याका लागि प्रस्थान गरेको युवालाई वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले माईस्थानस्थित गहवामाई मन्दिर परिसरमा फूल माला र खादा लगाएर बिदाइ गरेका थिए । भगवान रामको जन्मभूमि अयोध्यामा नवनिर्मित राममन्दिरमा जनवरी २२ तारिक अर्थात माघ ८ गते भगवान रामको मूर्ति प्राणप्रतिष्ठासँगै समुद्घाटन समारोह रहेको छ । वीरगंजबाट अयोध्या ३ सय ५० किलोमिटर दूरीमा छ । भगवान् रामका लागि धातुको धनुषवाणलगायतका कोसेली लिएर हिंडेको टोली भारतको बिहार र उत्तर प्रदेशका विभिन्न सहर हुँदै पैदल यात्राबाट राम जन्मभूमि अयोध्यामा पुग्ने लक्ष्य रहेको पैदल यात्रामा सहभागी वीरगंज–१० का युवा मुन्ना साह कानुले बताए । अयोध्या पुगेर नवनिर्मित राममन्दिर समुद्घाटन समारोहमा सरिक भएर पूजापाठ गरिने कानुले बताए । यसैबीच सानोपाइला बचत तथा ऋण सहकारीबाट पीडितहरुले सानोपाइला बचत सहकारी पीडित सघर्ष समिती गठन गरेका छन् । उनीहरुले आज शुक्रवार बिहान ११ बजे टिवडेवाल धर्मशाला मेनरोडबाट विरोध जुलुस निकाल्ने पीडित संजिव शर्माले जानकारी दिए ।

# राईले पाए लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार

## को हुन् लोकेन्द्र कुमार बुढाथोकी

सल्यान जिल्लाको तत्कालीन कोटमौला गाविसका धनी बहादुर बुढाथोकीका माहिला छोराको रुपमा जन्म लिई सप्तरीलाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका लोकेन्द्र बुढाथोकीको २०५० सालमा हत्या भएको थियो । उनकै स्मृतिमा २०५१ सालमा यो पुरस्कारको स्थापना गरिएको हो । बुढाथोकी दृष्टि साप्ताहिकका सप्तरी प्रतिनिधि तथा स्थानीय सगरमाथा आवाज साप्ताहिकका सहसम्पादक थिए ।
राजविराजस्थित समाज कल्याण केन्द्र (बाल कल्याण गृह) मा बसि एसएलसीको पढाई पूरा गरेका बुढाथोकीको मविव क्याम्पस राजविराजमा विएल दोश्रो वर्षमा अध्ययनरत रहेकै अवस्थामा राजविराज ६ स्थित डेरामा रहस्यमय हत्या भएको थियो ।



**मधेशदृष्टि**
**राजविराज ।**
यसवर्षको लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार पत्रकार डम्बर राईलाई प्रदान गरिएको छ । पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृतिमा नेपाल पत्रकार महासंघ सप्तरीले यो पुरस्कार स्थापना गरेको हो । बिहीबार ३० औं लोकेन्द्र स्मृति दिवसको अवसरमा आम सञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले राईलाई नगद ५ हजार ५ रुपैयाँसहित पुरस्कार प्रदान गरेका हुन् । सप्तरीको कञ्चनरूप नगरपालिका वडा नम्बर १२ निवासी राई प्रेस चौतारीका जिल्ला अध्यक्ष हुन भने डेढ दशकदेखि पत्रकारिता क्षेत्रमा आवद्ध छन् । उनी नेपाल पत्रकार महासंघ सप्तरी शाखाका पूर्व सहसचिव समेत हुन् । सोही समारोहमा आजको वातावरण दैनिक पत्रिकाका प्रकाशक तथा सम्पादक तथा प्रेस स्वतन्त्रता सेनानी एवम् नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व सभापति बैधनाथ झाले स्थापना गरेको वातावरण पत्रकारिता पुरस्कारबाट पत्रकार अरुण कुमार यादवलाई सम्मानित गरिएको छ । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर २ निवासी यादव सप्तरीलाई कार्यक्षेत्र बनाएर राष्ट्रिय समाचार समितिमा कार्यरत छन् । प्रत्येक वर्ष पुस २६ गते उमा सिंह स्मृति दिवसको अवसरमा सप्तरीका एक जना युवा पत्रकारलाई हरेक वर्ष पुरस्कार प्रदान गरिंदै आइएको छ । महासंघ शाखाका अध्यक्ष श्रवण कुमार देवको अध्यक्षतामा आयोजित कार्यक्रममा बोल्दै प्रमुख अतिथि अध्यक्ष यादवले सप्तरीको पत्रकारिता देशमा प्रशंसा योग्य रहेको बताए । पत्रकारहरूको समस्या समाधानमा आम सञ्चार प्राधिकरण प्रतिबद्ध रहेको बताउँदै उनले निर्भिकताको साथ सदाचारयुक्त समाचार सम्प्रेषण गर्न आग्रह गरे । अध्यक्ष यादवले केही पत्रकार आजभोलि युटुबरको नाममा पत्रकारहरूको नाम बदनाम गर्दै आएकोले सचेत हुन आग्रह गरेका छन् । पत्रकारहरूको पक्षमा निरन्तर काम गरिरहेको बताउँदै यादवले पत्रकारहरूले विश्वसनीयता, सबैले पत्याउने र राम्रो पत्रकारिता गर्नुपर्नेमा जोड दिए । कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रिय सदस्य ललिता साह, नेपाल पत्रकार महासङ्घका पूर्व सभापति एवम् लोकेन्द्र बुढाथोकी स्मृति पत्रकारिता पुरस्कार छनौट समितिका संयोजक बैधनाथ झा, पूर्व सभापतिहरू मुरली प्रसाद यादव, धिरेन्द्र प्रसाद साह, वरिष्ठ पत्रकार अनिल कुमार अनल लगायतकाले आ–आफ्नो धारणा राखेका थिए । महासङ्घका सचिव राम नारायण विश्वासद्वारा सञ्चालित कार्यक्रममा स्वागत सहसचिव गोपाल गुप्ताले गरे भने सल्लाहकार मनोहर कुमार पोखरेलले लोकेन्द्र बुढाथोकीको जीवनी बारे चर्चा गरे । कार्यक्रममा प्रेस मञ्च सप्तरी जिल्लाका अध्यक्ष भुषण सिंह , प्रेस युनियन सप्तरी जिल्ला अध्यक्ष बिनय लाल कर्ण , प्रेस सेन्टर सप्तरी जिल्लाका अध्यक्ष दिनानाथ यादव लगायतका बिभिन्न सञ्चार माध्यमा आबद्ध पत्रकारहरूको उपस्थिति रहेको थियो ।

# वीरगंजमा पनि भगवान राम र हनुमानको प्राण प्रतिष्ठा हुने

आगामी माघ ८ गते वीरगंज महानगरपालिका वडा नं. १० स्थित घडिअर्वामा 'राम दरबार' को मूर्ति र बजरंगबलीको मूर्ति स्थापना गरी प्राण प्रतिष्ठा गरिने भएको छ ।
भारतको अयोध्यामा भगवान रामको प्राण प्रतिष्ठा हुने दिन नै वीरगंजमा पनि भगवान राम र हनुमानको मूर्तिको प्राण प्रतिष्ठा हुने भएको हो । ७५ वर्ष पुरानो धार्मिक महत्व बोकेको रामजानकी मंदिरलाई व्यवस्थित गरिने जनाइएको छ । विगत ४० वर्षदेखि अतिक्रमणमा परेको मन्दिरलाई वीरगंज महानगरपालिकाले २०७९ चैत २५ गते अवैध संरचनासहितको पसल, घरटहरा तथा पर्खाल भत्काएर अतिक्रमण मुक्त गराएको थियो ।




# राष्ट्रिय स्वाधीनताद्वारा बीआईआर खारेजीको माग




**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय एकता अभियानले सुनसरीको इनरुवामा राष्ट्रिय स्वाधीनता, बीआईआर ऋणजाल र पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल' बिषयक संवाद कार्यक्रमको आयोजना गरेको छ ।
इनरुवाको प्रसिद्ध समाजसेवी लक्ष्मी साहको अध्यक्षतामा आयोजना गरिएको संवाद कार्यक्रममा बोल्दै अभियानका केन्द्रीय संयोजक विनय यादवले राष्ट्रिय एकता र विकासका लागि चीनबाट नेपालको राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न आवश्यक रहेको बताएका थिए । उनले पोखरा अन्तरराष्ट्रिय विमानस्थलको लागि उपलब्ध गराईएको ऋण भोली नेपालको सार्वभौमसतालाई चुनौती दिने खतरा रहेको औंल्याए । कार्यक्रममा राष्ट्रिय स्वाधीनताको महत्व, देशको आर्थिक दुर्गतीमा बीआईआर ऋणजालको भूमिका र पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको व्ययभारबाट हुने आर्थिक नोक्सानका विषयमा विभिन्न वक्ताहरुले आ–आफ्नो धारणा राखेका थिए ।
सहभागीहरुले राष्ट्रिय एकता, विकास र समृद्धिका लागि नेपालले चीनसङको बिआराआई सम्झौता खारेज गर्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रममा अभियानका वरिष्ठ नेता बीपी यादव, अभियानका प्रवक्ता जीवन साह, श्रीमती ललिता साह, गायक ज्योतन मेहता र प्राध्यापक कुञ्जालाल यादवलगायतको सहभागिता रहेको थियो ।


मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# सानो पाइला सहकारीमा शिलबन्दी



**मधेशदृष्टि**
**वीरगंज ।**
सयौ बचतकर्ताहरुको १ अर्ब भन्दा बढी रकम हिनामिनागरी संचालक फरार भएपछि सानो पाइला बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा वीरगंज महानगरपालिकाले शिलबन्दी गरेको छ । बिहीबार महानगरका सहकारी शाखाका प्रमुख सुनिल कुमार कर्णको नेतृत्वमा गएको टोलीले वडा नम्बर ६ मा रहेको सानो पाइला सहकारीको कार्यालयमा शिलबन्दी गरेको हो । वडा न ६ का अध्यक्ष जयप्रकाश शाह, जिल्ला प्रशासन कार्यालयका ब्रह्मदेव प्रसाद यादव, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी सहायक निरीक्षक राम इश्वर महतोको रोहवरमा सहकारीको कार्यालयमा शिलबन्दी गरिएको कर्णले बताए । सानो पाइला सहकारीले बचतकर्ताको १ अर्ब भन्दा बढी रकम फिर्ता नगरी संचालक फरार रहेपछि महानगरपालिकाले कारवाही प्रक्रिया अघि बढाएको र कानुन अनुसार सहकारीको कार्यालयमा शिलबन्दी गरिएको वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन